TEXT BOOK
Tribhuvan University Central Library, Kirtipur
Faculty of Humanities & Social Sciences Dean's Office Kirtipur

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र सङ्काय

संस्कृत विभाग

# एम्.ए. (संस्कृत)

# पाठ्यक्रम

२०६५ वि.सं.

(२००८ ई.)

# एम्. ए. संस्कृत

## पाठ्यक्रमको उद्देश्य

१. उच्च शिक्षा क्षेत्रमा आफ्नो विषयमा स्तरीय अध्यापनमा समर्थ गराउनु,
२. साहित्यिक पत्रपत्रिका र पुस्तक आदिको सङ्कलन र सम्पादनमा समर्थ बनाउनु,
३. संस्कृत साहित्यका विविध विधामा स्तरीय मौलिक रचना गर्ने सामर्थ्यको विकास गर्नु,
४. संस्कृत भाषाको साहित्यलाई अन्य भाषामा अथवा संस्कृतेतर भाषाको साहित्यलाई संस्कृत भाषामा अनूदित गर्न समर्थ बनाउनु,
५. संस्कृत भाषा र साहित्यका विभिन्न पक्षको विवेचन र शोधकार्य गर्न समर्थ बनाउनु,
६. संस्कृत वाङ्मयसँग सम्बद्ध संस्थामा विशेषज्ञका रूपमा काम गर्न योग्य बनाउनु,
७. संस्कृत विषयमा विद्यावारिधि उपाधिका लागि शोधकार्य गर्न आधारभूत पूर्वयोग्यता प्राप्त गराउनु,
८. विशिष्ट बौद्धिक क्रियाकलापको सम्पादनमा समर्थ प्रतिभापूर्ण र सृजनशील व्यक्तित्वको विकासद्वारा राष्ट्र र समाजका उच्चस्तरीय निकायहरूलाई लाभ पुऱ्याउनु, र
९. राष्ट्रका प्रशासनिक, सामाजिक, धार्मिक, सांस्कृतिक, राजनीतिक आदि विभिन्न क्षेत्रका लागि योग्य र सशक्त प्राज्ञिक जनशक्ति उपलब्ध गराउनु ।

## विषयगत उद्देश्य

१. संस्कृत भाषा र साहित्यका सम्बन्धमा विवेचनात्मक ज्ञान गराई विशेष अध्ययन गर्न दक्षता प्राप्त गराउनु,
२. वैदिक वाङ्मयको स्वरूप र प्रवृत्तिको ज्ञानका साथै वैदिक भाषाको सामान्य ज्ञान र वैदिक वाङ्मयका आधारमा तात्कालिक सामाजिक, आर्थिक, राजनीतिक र आध्यात्मिक जीवनको परिचय गराउनु,
३. वाग्व्यवहार तथा लेखनमा स्तरीय र शुद्ध संस्कृत भाषाको प्रयोग गर्न समर्थ बनाउनु,
४. संस्कृतका भाषिक विशेषता र अन्य भाषाहरूसँग यसको तुलनात्मक ज्ञानका साथै प्राचीन र आधुनिक भाषिक सिद्धान्त आदिको ज्ञान दिलाउनु,
५. संस्कृत साहित्यका विविध विधामा परेका ऐतिहासिक, सामाजिक, राजनीतिक, धार्मिक आदि प्रभाव, विभिन्न कालका साहित्यिक विधामा पाइने अनेकविध भाषा, शैली, भाव, रस, अलङ्कार आदिसँग परिचित गराउनु,
६. पौरस्त्य र पाश्चात्य काव्यशास्त्रीय सिद्धान्तहरूको तुलनात्मक अध्ययनद्वारा तिनको पृथक विशेषताको परिचय प्राप्त गराउनु,

७. कविता, कथा, निबन्ध, नाटचकृति जस्ता साहित्यको रचनातर्फ रुचि राख्न र यस्ता रचना गर्न समर्थ तुल्याउनु,
८. शोधविधिको सैद्धान्तिक र व्यावहारिक ज्ञान गराई उच्चतर अनुसन्धान कार्यका लागि आवश्यक शिल्प प्राप्त गराउनु,
९. नेपालमा रचित संस्कृत काव्य र साहित्यको जानकारीका साथै अभिलेखहरूका माध्यमले नेपालको प्राचीन इतिहासको ज्ञान गराउनु र संस्कृतमा उपलब्ध काव्य, साहित्य, इतिहास, राजनीति, धर्म, संस्कृति आदि विषयक ज्ञानलाई भाषान्तरमा अनुवाद गरी जनसामान्यको जानकारीमा ल्याउन समर्थ बनाउनु,
१०. पूर्वीय दार्शनिक चिन्तनधाराको स्वरूपको परिचयात्मक ज्ञान र तिनमा अन्तर्निहित तत्त्वहरूको तुलनात्मक विश्लेषण गर्न सक्ने क्षमताको विकास गराउनु,
११. आधुनिक राज्यव्यवस्था र अर्थनीतिसँग प्राच्य राजशास्त्र र अर्थशास्त्रको तुलनात्मक अध्ययनद्वारा आधुनिक परिप्रेक्ष्यमा प्राचीन राजशास्त्र र अर्थशास्त्रका उपादेय सिद्धान्तहरूको आवश्यकता प्रतिपादनमा समर्थ बनाउनु, र
१२. चिरन्तन पौरस्त्य धार्मिक मान्यताहरूको आधारभूत परिचय गराई तदनुसारको उज्ज्वल र आदर्श मूल्य र मान्यताहरूलाई जीवनमा आत्मसात् गर्न अभिप्रेरित गर्नु ।

## पाठ्यक्रमको रूपरेखा

### एम्. ए. (संस्कृत) प्रथम वर्ष

| पत्र | सङ्केताङ्क | पाठ्यांश | पूर्णाङ्क |
|---|---|---|---|
| I | Sans.531 | **वैदिक अध्ययन**<br>क. वेद — पूर्णाङ्क ४५<br>ख. वैदिक व्याकरण — पूर्णाङ्क १०<br>ग. निरुक्त — पूर्णाङ्क २५<br>घ. ब्राह्मण र उपनिषद् — पूर्णाङ्क २० | १०० |
| II | Sans.532 | **पाणिनीय व्याकरण** | १०० |
| III | Sans.533 | **भाषाविज्ञान** | १०० |
| IV | Sans.534 | **संस्कृत पद्यकाव्य एवं चम्पू**<br>क. संस्कृत पद्यकाव्य — पूर्णाङ्क ८०<br>ख. चम्पूकाव्य — पूर्णाङ्क २० | १०० |
| V | Sans.535 | **संस्कृत अभिलेख, अनुसन्धानविधि र अनुवादसिद्धान्त**<br>क. संस्कृत अभिलेख — पूर्णाङ्क ५०<br>ख. अनुसन्धानविधि — पूर्णाङ्क ३०<br>ग. अनुवादसिद्धान्त — पूर्णाङ्क २० | १०० |

## एम्. ए. (संस्कृत) द्वितीय वर्ष

| पत्र | सङ्केताङ्क | पाठ्यांश | पूर्णाङ्क |
|---|---|---|---|
| VI | Sans.536 | काव्यशास्त्र<br>क. पौरस्त्य काव्यशास्त्र — पूर्णाङ्क ८०<br>ख. पाश्चात्य काव्यशास्त्र — पूर्णाङ्क २० | १०० |
| VII | Sans.537 | संस्कृत रूपक एवं नाटचशास्त्र<br>क. संस्कृत रूपक — पूर्णाङ्क ७०<br>ख. नाटचशास्त्र — पूर्णाङ्क ३० | १०० |
| VIII | Sans.538 | संस्कृत गद्यकाव्य | १०० |
| IX | Sans.539 | विशेष अध्ययन<br>(निम्नलिखितमध्ये कुनै एक पाठ्यांश लिनुपर्ने<br>Sans.539-1 — प्राच्य राजशास्त्र एव अर्थशास्त्र<br>Sans.539-2 — दर्शनशास्त्र<br>Sans.539-3 — धर्मशास्त्र<br>Sans.539-4 — साहित्यशास्त्र | १०० |
| X | Sans.540 | ऐच्छिक अध्ययन :<br>(निम्नलिखितमध्ये कुनै एक विषय लिनुपर्ने)<br>Sans.540-1 — संस्कृतसाहित्यको इतिहास एवं निबन्ध<br>Sans.540-2 — संस्कृत मौलिक कृतिलेखन<br>(निम्नलिखितमध्ये कुनै एक विधा लिनुपर्ने)<br>Sans.540-2A — खण्डकाव्य (कम्तीमा १५० पद्य)<br>Sans.540-2B — कवितासङ्ग्रह (कम्तीमा २० कविता)<br>Sans.540-2C — निबन्धसङ्ग्रह (कम्तीमा १५ निबन्ध)<br>Sans.540-2D — उपन्यास (कम्तीमा १५० पृष्ठ)<br>Sans.540-2E — कथासङ्ग्रह (कम्तीमा २० कथा)<br>Sans.540-2F — नाटचकृति (कम्तीमा १०० पृष्ठ)<br>Sans.540-3 — अनुवादलेखन<br>Sans.540-4 — शोधपत्र | १०० |

## एम्.ए. (संस्कृत)मा प्रवेशका लागि पूर्वाधार तथा भर्ना :

१. त्रि.वि. वा त्रि.वि.बाट मान्यताप्राप्त विश्वविद्यालय वा संस्थाबाट संस्कृत विषय लिई स्नातक तहको परीक्षा उत्तीर्ण हुनुपर्ने ।

२. संस्कृत विषय नलिई स्नातक परीक्षा उत्तीर्ण गरेको विद्यार्थीले संस्कृत एम्.ए.मा प्रवेश प्राप्त गर्न १००/१०० अङ्कको दुई पत्रको विशेष परीक्षा उत्तीर्ण गर्नुपर्नेछ ।

## परीक्षा प्रणाली तथा श्रेणी विभाजन

१. संस्कृत एम्.ए. परीक्षा वार्षिक प्रणालीअनुसार दुई वर्षको हुनेछ ।

२. वार्षिक परीक्षा प्रतिखण्ड बेग्लाबेग्लै हुनेछ ।

३. वार्षिक परीक्षामा अनुत्तीर्ण परीक्षार्थीले अनुत्तीर्ण भएका पत्रहरूको पुनः परीक्षा दिन सक्नेछ । त्यस्तो अनुत्तीर्ण विद्यार्थीले सुरु परीक्षादेखि पाँच वर्षभित्रमा सम्पूर्ण परीक्षा (दुवै खण्डको) उत्तीर्ण गरिसक्नुपर्नेछ ।

४. प्रथम वर्षमा अनुत्तीर्ण विद्यार्थीले पनि द्वितीय वर्षमा प्रवेश पाउन सक्नेछ ।

५. एम्. ए. परीक्षा उत्तीर्ण हुन प्रत्येक पत्रमा ४० अङ्क प्राप्त गर्नु पर्नेछ ।

६. द्वितीय श्रेणीका लागि समष्टिमा न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गर्नु पर्नेछ ।

७. प्रथम श्रेणीका लागि समष्टिमा न्यूनतम ६० प्रतिशत अङ्क प्राप्त गर्नु पर्नेछ ।

८. विशिष्ट श्रेणीका लागि समष्टिमा न्यूनतम ७५ प्रतिशत अङ्क प्राप्त गर्नु पर्नेछ ।

# एम्. ए. (संस्कृत) प्रथम वर्ष

| पत्र | सङ्केताङ्क | पाठ्यांश | | पूर्णाङ्क |
|---|---|---|---|---|
| I | Sans.531 | वैदिक अध्ययन | | १०० |
| | | क. वेद | पूर्णाङ्क ४५ | |
| | | ख. वैदिक व्याकरण | पूर्णाङ्क १० | |
| | | ग. निरुक्त | पूर्णाङ्क २५ | |
| | | घ. ब्राह्मण र उपनिषद् | पूर्णाङ्क २० | |
| II | Sans.532 | पाणिनीय व्याकरण | | १०० |
| III | Sans.533 | भाषाविज्ञान | | १०० |
| IV | Sans.534 | संस्कृत पद्यकाव्य एवं चम्पू | | १०० |
| | | क. संस्कृत पद्यकाव्य | पूर्णाङ्क ८० | |
| | | ख. चम्पूकाव्य | पूर्णाङ्क २० | |
| V | Sans.535 | संस्कृत अभिलेख, अनुसन्धानविधि र अनुवादसिद्धान्त | | १०० |
| | | क. संस्कृत अभिलेख | पूर्णाङ्क ५० | |
| | | ख. अनुसन्धानविधि | पूर्णाङ्क ३० | |
| | | ग. अनुवादसिद्धान्त | पूर्णाङ्क २० | |

# वैदिक अध्ययन

Sans 531

Paper I
Full Marks - 100
Teaching Hours 150

## पाठ्यांशको उद्देश्य

१ वेदकालिक र ब्राह्मणकालिक समाज, धर्म, दर्शन, संस्कृति, परम्परा, राजनीति आदिको सामान्य ज्ञानका साथै त्यसबाट परवर्ती समाजका विभिन्न क्षेत्रमा परेको प्रभावको जानकारी गराउनु ।

२. वेदका ऋचाहरूको भाषिक विशेषताको जानकारी, विभिन्न प्राचीन भाषाहरूको वैदिक भाषासित प्राप्य साम्यवैषम्यको सामान्य ज्ञान र संस्कृत, प्राकृत, पालि, अपभ्रंश हुँदै आधुनिक आर्यभाषाहरूमा वैदिक भाषाको प्रभावको जानकारी गराउनु ।

३. वेदका सूक्तरऋचाहरूमा पाइने भाषा, शैली, रस, ध्वनि, छन्द, अलङ्कार, नाटकीयता, मनवीकरण, प्राकृतिक सौन्दर्यवर्णन आदि काव्यात्मक वैशिष्टचको अध्ययनद्वारा परवर्ती काव्यसाहित्यमा वेदको प्रभावको ज्ञान गराउनु ।

४. वेदका ऋचाहरूको अर्थज्ञान प्रक्रियाको र वेदमा प्रयुक्त शब्दहरूको निर्वचनप्रक्रियाको निदर्शनात्मक जानकारी प्रदान गरी वैदिक प्रक्रियाको ज्ञान गराउनु ।

५. व्याकरणका दृष्टिले लौकिक संस्कृतभन्दा वैदिक भाषामा रहेका प्रमुख भिन्नताहरू पहिल्याएर व्याकरणात्मक वैदिक प्रक्रियाको ज्ञान गराउनु ।

६. ब्राह्मणकालिक सामाजिक मान्यता, परम्परा आदिको ज्ञानका सार्थ ब्राह्मण साहित्यको काव्यात्मक वैशिष्टचको निदर्शनात्मक ज्ञान गराउनु ।

७. जीवन र जगत्बारे उपनिषद् साहित्यमा अभिव्यक्त सूक्ष्म चिन्तनधाराको निदर्शनात्मक ज्ञान गराई यसप्रति रुचि बढाउनु ।

## पाठ्यांश विभाजन

| खण्ड | पाठ्यांश | पूर्णाङ्क | पाठघण्टा |
|---|---|---|---|
| क | वेद | ४५ | ७० |
| ख | वैदिक व्याकरण | १० | १५ |
| ग | निरुक्त | २५ | ३५ |
| घ | ब्राह्मण र उपनिषद् | २० | ३० |

## पाठ्यांशविवरण

**खण्ड क : वेद** पूर्णाङ्क ४५ पाठघण्टा ७०

एकाइ १. वैदिक साहित्यको परिचय

एकाइ २. वेदसंहिताहरू बाट निम्न निर्धारित अंश

| क्र.सं. | सूक्तनाम | वेदसन्दर्भ | ऋचाका प्रारम्भिक पदहरू |
|---|---|---|---|
| १. | वरुण | ऋग्वेद १.२४ | कस्य नूनम् .......... ... । |
| २. | इन्द्र | ऋग्वेद १.३२ | इन्द्रस्य नु वीर्याणि ....... । |
| ३. | मरुत् | ऋग्वेद १.३८ | कद्ध नूनं कध प्रियः ....... । |
| ४. | सूर्य | ऋग्वेद १.११५ | चित्र देवाना ............... । |
| ५. | अश्विनौ | ऋग्वेद १.११६ | नासत्याभ्यां बर्हिरिव ..... । |
| ६. | ब्रह्मणस्पति | ऋग्वेद २.२३ | गणानां त्वा गणपतिम् .... । |
| ७. | अपांनपात् | ऋग्वेद २.३५ | उपेम सृक्षि ................. । |
| ८. | सवितृ | ऋग्वेद २.३८ | उदुष्य देवः सविता .........। |
| ९. | नद्यः | ऋग्वेद ३.३३ | प्रपर्वतानामुशती ............ । |
| १०. | अग्नि | ऋग्वेद ४.७ | अयमिह प्रथमो धायि ....... । |
| ११. | पर्जन्य | ऋग्वेद ५.८३ | अच्छा वद तवसम् ..........। |
| १२. | मण्डूक | ऋग्वेद ७.१०३ | संवत्सर शयाना ..............। |
| १३. | कितव | ऋग्वेद १०.३४ | प्रावेपा मा बृहतः ............। |
| १४. | ज्ञान | ऋग्वेद १०.७१ | बृहस्पते प्रथमं वाचः .........। |
| १५. | देव | ऋग्वेद १०.७२ | देवानां नु वयम् ...............। |
| १६. | मन्यु | ऋग्वेद १०.८४ | त्वया मन्यो ....................। |
| १७. | पुरुष | ऋग्वेद १०.९० | सहस्र शीर्षा पुरुषः ............। |
| १८. | हिरण्यगर्भ | ऋग्वेद १०.१२१ | हिरण्यगर्भः समवर्तताग्रे ......। |
| १९. | नासदीयं | ऋग्वेद १०.१२९ | नासदासीन्नो सत् .............। |
| २०. | योगक्षेम | शुक्लयजुर्वेद २२.२२ | आब्रह्मन् ब्राह्मणः ............। |
| २१. | प्रजापति | शुक्लयजुर्वेद ३२.१-५ | तदेवाग्निस्तदादित्यः ...........। |
| २२. | शिवसङ्कल्प | शुक्लयजुर्वेद ३४.१-६ | यज्जाग्रतो दूरम् ................। |
| २३. | सोम | सामवेद ६.१-४ | प्रतु द्रव परिकोशम ......... । |
| २४. | राष्ट्राभिवर्धनम | अथर्ववेद १.२९ | अभिवर्तेन मणिना ..............। |

**खण्ड ख : वैदिक व्याकरण** पूर्णाङ्क १० पाठघण्टा १५

एकाइ १. मध्यसिद्धान्त कौमुदी (वैदिकी प्रक्रिया मात्र)

**खण्ड ग : निरुक्त** पूर्णाङ्क २५ पाठघण्टा ३५

एकाइ १. निरुक्तको परिचय

एकाइ २. यास्ककृत निरुक्तका अध्याय १, २, ३ र ७।

## खण्ड घ : ब्राह्मण र उपनिषद्  पूर्णाङ्क २५  पाठघण्टा ३०

एकाइ १. ब्राह्मणग्रन्थहरूको परिचय र विशेषता
एकाइ २. उपनिषद्हरूको परिचय र विशेषता
एकाइ ३. ऐतरेय ब्राह्मणअन्तर्गत हरिश्चन्द्रोपाख्यानम्
एकाइ ४. ईशावास्योपनिषद्
एकाइ ५. केनोपनिषद्

### शिक्षणविवरण

१. वैदिक साहित्यको परिचय
२. निर्धारित मन्त्रहरूका ऋषि, देवता र छन्दका साथै पदपाठ, अनुवाद, व्याख्या र सूक्तको सारांश ।
३. काव्यात्मक ज्ञान, विज्ञान आदिका दृष्टिले निर्धारित सूक्तरमन्त्रको वैशिष्टच ।
४. वैदिकी प्रक्रियाका सूत्रहरूको व्याख्या एवं उदाहरण ।
५. निरुक्तको परिचय र मह वको जानकारीका साथै निर्धारित अंशको व्याख्या, अनुवाद र समालोचनात्मक विवेचना ।
६. निरुक्तका आधारमा देवताविज्ञान, पदवर्गीकरण एवं निर्वचन सिद्धान्तको आलोचनात्मक अध्ययन ।
७. ब्राह्मण र उपनिषद्को सामान्य परिचय ।
८. ब्राह्मण र उपनिषद्का निर्धारित अंशको विषयवस्तु व्याख्या, अनुवाद र सारांशका साथै तिनको वैशिष्टचको परिचय ।
९. परवर्ती साहित्य र समाजमा वेद, ब्राह्मण, उपनिषद् र निरुक्तको प्रभावको समीक्षा ।

### पाठचपुस्तक

१. आचार्य वरदराज, मध्यसिद्धान्त कौमुदी (निर्धारित अंश मात्र) जुनसुकै प्रकाशनको
२. आचार्य यास्क, निरुक्त (निर्धारित अंश मात्र) जुनसुकै प्रकाशनको ।
३. ............. ऐतरेय ब्राह्मणअन्तर्गत हरिश्चन्द्रोपाख्यानम् जुनसुकै प्रकाशनको ।
४. ............. ईशावास्योपनिषद् जुनसुकै प्रकाशनको ।
५. ............. केनोपनिषद् जुनसुकै प्रकाशनको ।

### सहायक पुस्तक

१.तैलङ्ग, कान्तानाथ र ब्रजबिहारी चौबे (सम्पा.) द न्यू वैदिक सलेक्सन, भाग २, भारतीय विद्या प्रकाशन, वाराणसी ।
२. गौतम, डा. नारायणप्रसाद, केही वैदिक सूक्तहरूको विश्लेषण, रत्न पुस्तक भण्डार, काठमाडौं ।
३ शास्त्री, हरिदत्त र डा. कृष्णकुमार, ऋक्सूक्तसंग्रहः, साहित्य भण्डार, सुभाष बजार, मेरठ

## सन्दर्भ पुस्तक


१. सरस्वती, स्वामी दयानन्द, वेदभाष्य, सार्वदेशिक आर्य प्रतिनिधि सभा, नई दिल्ली ।

२. लुइँटेल, तिलकप्रसाद (अनु.) नेपालीमा वेद, विद्यार्थी पुस्तक भण्डार, काठमाडौं ।

१. आचार्य वरदराज, मध्यसिद्धान्त कौमुदी, चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी ।

२. आचार्य यास्क, निरुक्त, चौखम्बा विद्याभवन, वाराणसी ।

३. शर्मा, उमाशंकर (सम्पा.), हरिश्चन्द्रोपाख्यानम्, चौखम्बा विद्याभवन, वाराणसी ।

४. ................, ईशावास्योपनिषद्, गोविन्द भवन कार्यालय, गीताप्रेस, गोरखपुर ।

५. ................ , केनोपनिषद्, गोविन्द भवन कार्यालय, गीताप्रेस, गोरखपुर ।

६. ज्ञानी, शिवदत्त, वेदकालीन समाज, चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी ।

७. राय, गंगासागर, वैदिक आख्यान, चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी ।

८. कीथ, (अनु.) सूर्यकान्त, वैदिक धर्म एवं दर्शन, चौखम्बा संस्कृत सी. अ., वाराणसी ।

९. शास्त्री, रमाकान्त, वैदिक वाङ्मयका इतिहास, चौखम्बा संस्कृत सी. अ., वाराणसी ।

१०. उपाध्याय, बलदेव, वैदिक साहित्य और संस्कृति, चौखम्बा सं. सी. अ., वाराणसी ।

११. शर्मा, पण्डित रघुनन्दन, वैदिक सम्पत्ति, कलावती धर्मार्थ न्यास, पानीपत, भारत

१२. सरस्वती, स्वामी विद्यानन्द, भूमिकाभास्कर, इन्टरनेसनल आर्यन फाउन्डेसन, मुम्बई ।

१३. प्रपन्नाचार्य, डा. स्वामी, वेदमा के छ ? साझा प्रकाशन, पुलचोक, ललितपुर ।

१४. शास्त्री, शिवनारायण, निरुक्तमीमांसा, चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी ।

१५. आचार्य विश्वेश्वर, निरुक्त, मोतीलाल बनारसीदास, दिल्ली ।

१६. अग्रवाल, हंसराज, वैदिक साहित्य की रूपरेखा, चौखम्बा सं. प्रतिष्ठान, वाराणसी ।

१७. राय गोविन्द चन्द्र, वैदिक युग के भारतीय आभूषण, चौखम्बा सं. प्रतिष्ठान, वाराणसी ।

१८. डा. कर्णसिंह, वैदिक साहित्यका इतिहास, साहित्य भण्डार, मेरठ ।

# पाणिनीय व्याकरण

Sans.531

Paper II
Full Marks - 100
Teaching Hours - 150

## पाठ्यांशको उद्देश्य

क. संस्कृत व्याकरणशास्त्रको ऐतिहासिक परम्परामा पाणिनीय व्याकरणको वैशिष्ट्यको ज्ञान गराउनु,

ख. संस्कृत वाङ्मयमा निहित व्याकरणगत ज्ञानको समुचित प्रयोगविधिद्वारा भाषा, साहित्य, कला, धर्म, दर्शन, इतिहास, पुराण र संस्कृति आदिमा अभिव्यक्त समग्र वाग्व्यवहार र आशयको ज्ञान गराउनु,

ग. संज्ञा, सन्धि प्रकरण सहित अजन्तपुलिङ्ग, स्त्रीलिङ्ग, नपुंसकलिङ्ग, हलन्तपुलिङ्ग, स्त्रीलिङ्ग, नपुंसकलिङ्ग एवं मूल क्रियापद (आख्यात) को ज्ञान सहित प्रेरणार्थक, इच्छार्थक, अतिशयार्थक आदि प्रत्यय लागेर बन्ने क्रियापद र नामधातुको ज्ञानका साथै व्याकरणगत लेखनकलाको विकास गराउनु,

घ. वाक्यविन्यास, वाच्यपरिवर्तन र कालभेदको ज्ञान सहित लकारार्थ प्रक्रियाको प्रयोग-विधिको बोध गराउनु,

ङ. कृदन्त, कारक, समास आदिको समुचित ज्ञानद्वारा शुद्ध शब्द निर्माण गर्ने विधि एवं परिमार्जित वाक्यरचना गर्ने क्षमताको विकास गराउनु।

## पाठ्यांशविभाजन

**एकाइ १ : संज्ञाप्रकरण र सन्धिप्रकरण**
**एकाइ २ : सुबन्त प्रकरण**
**एकाइ ३ : तिङन्त प्रकरण**
**एकाइ ५ : ण्यन्तादिप्रकरण**
**एकाइ ४ : कारक र समास प्रकरण**

## पाठ्यांश विवरण

### एकाइ १ : संज्ञाप्रकरण र सन्धिप्रकरण

क. प्रत्याहार र तद्विधायक सूत्रहरूको सोदाहरण ज्ञान

ख. स्थान र प्रयत्नको भेदसहित परिचय

ग. इत्, लोप, अनुनासिक, सवर्ण, संहिता, संयोग र पद संज्ञा तथा यिनका विधायक सूत्रहरूको ज्ञान

घ. यण्, अयादि, दीर्घ, गुण, वृद्धि, हल् र विसर्ग सन्धिहरू र तद्विधायक सूत्रहरूको ज्ञान

**एकाइ २ : सुबन्त प्रकरण**

निम्नलिखित शब्दहरूका रूप र तिनलाई सिद्ध गर्ने सूत्र एवं वार्तिकहरूको ज्ञान -

क. अजन्त पुलिङ्ग - राम, सर्व, हरि, सखि, धातृ, पितृ, भ्रातृ, नृ, गो, पति

ख. अजन्त स्त्रीलिङ्ग - रमा, मति, गौरी, स्त्री, श्री, स्वसृ, मातृ

ग. अजन्त नपुंसकलिङ्ग - ज्ञान, वारि, सुधि, दधि, मधु, जगत्, नामन्

घ. हलन्त पुलिङ्ग - दुह्, किम्, इदम्, राजन्, युवन्, पथिन्, युष्मद्, अस्मद्, धीमन्, महत्, चन्द्रमस्, भवत्

ङ. हलन्त स्त्रीलिङ्ग - उपानत्, गिर्, किम्, वाक्, अप्, आशिष्, अदस्

च. हलन्त नपुंसकलिङ्ग - ब्रह्मन्, तत्, यत्, एतत्, पयस्, पच्

**एकाइ ३ : तिङन्त प्रकरण**

निम्नलिखित धातुका रूप, तिनलाई सिद्ध गर्ने सूत्र एवं वार्तिकहरूको ज्ञान -

१. भ्वादिगणबाट - भू, गम्, दृश्, पा, घ्रा, स्था, जि, स्मृ, श्रु, एध्, वृत्, वृध्, नी ।

२. अदादिगणबाट - अद्, हन्, रुद्, विद्, इङ, शीङ्, ब्रूञ् ।

३. जुहोत्यादिगणबाट - हु, दा, धा ।

४. दिवादिगणबाट - दिव्, नृती, पुष्, णश्, क्रुध्, द्रुह् ।

५. स्वादिगणबाट - षुञ्, चिञ्, अशू ।

६. तुदादिगणबाट - तुद्, मुच्, स्फुर्, मृ, विश् ।

७. रुधादिगणबाट - रुध्, भिद्, युज्, विद् ।

८. तनादिगणबाट - तन्, कृञ्, मनु ।

९. क्र्यादिगणबाट - क्री, ग्रह्, अश्, ज्ञा ।

१०. चुरादिगणबाट - चुर्, चिन्त्, पाल्, पूज्, कथ्, गण् ।

**एकाइ ४ : ण्यन्तादि प्रकरण**

ण्यन्त, सन्नन्त, यङन्त, यङ्लुगन्त, नामधातु, आत्मनेपद, परस्मैपद, भावकर्म, कर्मकर्तृक, लकारार्थ, कृत्यप्रक्रिया, पूर्वकृदन्त, उत्तरकृदन्त । (फक्किकांश=शङ्का वर्जित)

**एकाइ ५ : कारक र समास प्रकरण**

## शिक्षणविवरण

१. व्याकरणशास्त्रको उदय, त्यसको विकासक्रम, पाणिनीयव्याकरणको वैज्ञानिक पद्धतिको अध्ययन ।

२. पाणिनीय व्याकरणको वैशिष्टच र त्यसको अध्ययन परम्परा ।

३. पाणिनीय व्याकरणको पूर्णतामा त्रिमुनिको योगदान ।

४. व्याकरणशास्त्रको तुलनात्मक अध्ययन
५. पाणिनीय व्याकरणमा प्रयुक्त सन्धिहरूको अध्ययन ।
६. सुबन्त एवं तिङन्त पदहरूको साधनिका, सूत्रहरूको व्याख्या ।
७. ण्यन्त, सन्नन्त, यङन्त, यङलुगन्त, नामधातु, आत्मनेपद, परस्मैपद, भावकर्म, कर्मकर्तृक, लकारार्थ, कृत्यप्रक्रिया, पूर्वकृदन्त, उत्तरकृदन्तका सूत्रहरूको व्याख्या र रूप साधनिका ।
८. सम्बद्ध वार्तिकहरूको व्याख्या
९. वृत्तिपद्धति र प्रक्रियापद्धतिको तुलनात्मक अध्ययन ।
१०. कारक र समास सम्बन्धी सूत्र एवं वार्तिकहरूको व्याख्या, पदहरूको साधनिकाको अध्ययन ।
११. पाठ्यांशमा निर्धारित सूत्र र वार्तिकहरूको व्याख्या, उदाहरण एवं पदसाधुत्व प्रक्रियाको ज्ञान ।

**पाठ्यपुस्तक**

आचार्य वरदराज, <u>मध्यसिद्धान्तकौमुदी</u>, मोतीलाल बनारसीदास, जवाहरनगर, दिल्ली

**सन्दर्भग्रन्थ**

१. मीमांसक, युधिष्ठिर, <u>व्याकरणशास्त्रका इतिहास</u>, चौखम्बा संस्कृत सी. वाराणसी १९९७ ई.
२. वामन एवं जयादित्य, <u>काशिकावृत्ति</u>, चौखम्बा सं.सी. वाराणसी, १९९७ ई.
३. उपाध्याय, बलदेव, <u>संस्कृत व्याकरण शास्त्रका इतिहास</u>, चौखम्बा सं.सी.आ. वाराणसी १९९७ ई.
४. भट्टाचार्य, रमाशंकर, <u>पाणिनि व्याकरणका अनुशीलन</u>, चौखम्बा संस्कृत सिरीज आफिस, वाराणसी, १९९७ ई.
५. शेष, रामचन्द्र, <u>प्रक्रिया कौमुदी</u>, चौखम्बा सं. सी. आ. वाराणसी, १९९७ ई.
६. सिंह, लालरमा यदुपाल, <u>भाषा वैज्ञानिक संस्कृत व्याकरण</u>, चौखम्बा सं सी. आ. वाराणसी, १९९७ ई.
७. अग्रवाल, वासुदेवशरण, <u>पाणिनिकालीन भारतवर्ष</u>, मोतीलाल बनारसीदास, बनारस, २०१२ वि. ।
८. अग्निहोत्री, डा. प्रभुदयाल, <u>पतंजलिकालीन भारत</u>, बिहार राष्ट्रभाषा परिषद्, पटना २०१९ वि. ।

●

# भाषाविज्ञान

Sans.533

Paper III
Full marks 100
Teaching hours 150

## पाठ्यांशको उद्देश्य

१. भाषाविज्ञानको परिभाषा, भाषाविज्ञानको उपयोगिता, भाषाविज्ञान र व्याकरणमा पाइने समता र विषमता आदिको ज्ञान गराउनु,
२. भाषाको उत्पत्ति र विकास, भाषाको परिभाषा, भाषाका विशेषता, भाषा परिवर्तनका कारणहरूका साथै बोली र उपबोलीमा भेदका बोध गराउनु,
३. भाषाको आकृति (बनोट) र परिवारका आधारमा भाषाको वर्गीकरण गर्न एवं तिनीहरूको वैशिष्टयको प्रतिपादन गर्न सक्ने क्षमताको विकास गराउनु,
४. प्राचीन भारतीय आर्यभाषा, मध्यकालीन भारतीय आर्यभाषा र आधुनिक भारतीय आर्यभाषाको स्वरूप, भेद एवं विशेषता पहिल्याउन तथा तुलना गर्न सक्ने योग्यताको अभिवृद्धि गर्नु,
५. अर्थपरिवर्तनका दिशा र कारण, ध्वनिको परिभाषा, ध्वनिपरिवर्तनका कारणहरू तथा ग्रिम, ग्रासमेन र वर्नरका ध्वनिनियमहरूको ज्ञान गराई त्यसलाई व्यवहारमा उतार्न सक्ने सिपको विकास गराउनु,
६. वैदिक र आवेस्तिक भाषाका साथ शतम् तथा केन्तुम् वर्गका भाषाहरूको पहिचान गर्ने तथा तिनीहरूमा परस्पर तुलना गर्न सक्ने प्रतिभाको विकास गराउनु,
७. भाषाको प्राचीन एवं आधुनिक सिद्धान्तको परिचयका साथै प्राचीन तथा आधुनिक भाषाहरूको तुलनात्मक अध्ययन गर्न सक्ने क्षमताको विकास गराउनु ।

**एकाइ** **पाठघण्टा १५०**

१. भाषाको परिभाषा, उत्पत्ति, विशेषता र परिवर्तनका कारणहरू तथा बोली र उपबोली
२. ध्वनिको परिभाषा, ध्वनिनियम, ग्रिम, ग्रासमेन र वर्नरको ध्वनिनियम र ध्वनिपरिवर्तनका कारणहरू,
३. समीकरण, विषमीकरण, लोप, आगम, विपर्यय, अपिनिहिति, स्वरभक्ति आदि,
४. अर्थविज्ञान, अर्थपरिवर्तनका दिशाहरू तथा अर्थपरिवर्तनका कारणहरू,
५. पदविज्ञान र वाक्यविज्ञान, भाषाको आकृतिमूलक र पारिवारिक वर्गीकरण, शतम् र केन्तुम् वर्ग,
६. प्राचीन भारतीय आर्यभाषा, मध्यकालीन भारतीय आर्यभाषा र आधुनिक भारतीय आर्यभाषाका विशेषताहरू, वैदिक र आवेस्तिक भाषाको तुलना,
७. नेपाली, मैथिली र हिन्दी भाषाहरूको परिचय,
८. पालि, प्राकृत र अपभ्रंशको उत्पत्ति, विकास र विशेषता ।
९. संस्कृत भाषाका भाषिक विशेषताहरू तथा संस्कृतमा मूर्धन्यीकरण, तालव्यीकरण र द्विन्त्वीकरणको परिचय ।

## शिक्षण विवरण

१. भाषाविज्ञानको परिभाषा एवं क्षेत्र, भाषाको परिभाषा, भेद, प्रयोजन, उत्पत्ति र विकाससम्बन्धी विभिन्न सिद्धान्तहरूको परिचय,
२. भाषाका अभिन्न तत्व ध्वनि, अर्थ, पद र वाक्यको परिचयको साथै विभिन्न दृष्टिले भाषाको वर्गीकरणसम्बन्धी समालोचनात्मक अध्ययन,
३. संस्कृत भाषाका विशेषता, वर्गीकरण, तालव्यीकरण तथा मूर्धन्यीकरणको अध्ययन,
४. पालि, प्राकृत एवं अपभ्रंशको उत्पत्ति, विकास एवं विशेषता ।
५. आधुनिक आर्यभाषा नेपाली, मैथिली एवं हिन्दी आदि भाषाको वैज्ञानिक अध्ययन ।

## सन्दर्भ ग्रन्थ


१. तिवारी, भोलानाथ, भाषाविज्ञान, किताब महल, १५ मार्ग हिल रोड, इलाहाबाद १९९२ ई.
२. व्यास भोलाशंकर, संस्कृत भाषाशास्त्रीय अध्ययन, चौखम्बा संस्कृत प्रतिष्ठान, जवाहर नगर, दिल्ली १९९२ ई. ।
३. वररुचि, प्राकृत प्रकाश, चौखम्बा विद्याभवन, वाराणसी
४. द्विवेदी कपिलदेव, भाषाविज्ञान एवं भाषाशास्त्र, विश्वविद्यालय प्रकाशन, वाराणसी ।
५. सक्सेना बाबुराम, सरल भाषाविज्ञान, चौखम्बा विद्याभवन, वाराणसी ।
६. शर्मा देवेन्द्रनाथ, भाषाविज्ञानकी भूमिका, मोतीलाल बनारसीदास, दिल्ली ।
७. बन्धु चूडामणि, नेपाली भाषाको उत्पत्ति, साझा प्रकाशन, काठमाडौं ।
८. बन्धु चूडामणि, भाषाविज्ञान, साझा प्रकाशन, काठमाडौं ।
९. तिवारी गोपालनिधि, नेपाली भाषाको बनोट,
१०. पोखरेल बालकृष्ण, राष्ट्रभाषा, साझा प्रकाशन, काठमाडौं
११. यादव योगेन्द्रप्रसाद र , भाषाविज्ञान, न्यू शिक्षा बुक इन्टरप्रइजेज, काठमाडौं, २०५९
१२. J.. Breams, Comparative Grammar of the Modern Aryan Languages of India.
१३. Chateriji, S. K. Origin and Development of Bengali Language.
१४. Katra, S.M., Prakrit Language and Their Contribution to Indian Culture.
१५. Beck, Wlen, Manual of Sanskrit Phonetics.
१६. Whitney, Language and Its Study.
१७. Jesperson, Language Its Nature and Use.


●

# संस्कृत पद्यकाव्य एवं चम्पू

Sans 534

Paper IV
Full Marks 100
Teaching Hours 150

## पाठ्यांशको उद्देश्य

१. महाकाव्य, खण्डकाव्य र चम्पूकाव्यको वैशिष्ट्यको बोध
२. कालिदास, अश्वघोष, माघ, श्रीहर्ष आदि कविहरूको पाण्डित्य एवं तत् तत् कविको समयमा रहेका सामाजिक, धार्मिक एवं राजनीतिक परिस्थितिसित परिचय
३. महाकाव्य, खण्डकाव्य एवं चम्पूकाव्यका भाषा, स्वरूप र शैलीको ज्ञान
४. सरल एवम् आकर्षक काव्यात्मक शैलीद्वारा बौद्धदर्शनको वैशिष्ट्यको सम्यक् बोध
५. निर्धारित काव्यग्रन्थहरूको गहन अनुशीलन एवं पठनपाठनद्वारा काव्यरचना गर्ने प्रवृत्तिको विकास गराउनु ।

## पाठ्यांश विभाजन

| खण्ड | पाठ्यांश | पूर्णाङ्क | पाठघण्टा |
|---|---|---|---|
| क | पद्यकाव्य | ८० | १२० |
| ख | चम्पू | २० | ३० |

## पाठ्यांश विवरण

### खण्ड क : पद्यकाव्य — पूर्णाङ्क ८० पाठघण्टा १२०

एकाइ १ : शिशुपालवधम् (द्वितीय सर्ग मात्र)
एकाइ २. : नैषधीयचरितम् (प्रथम सर्ग मात्र)
एकाइ ३. : बुद्धचरितम् (१,३ सर्ग मात्र)
एकाइ ४. : सौन्दरनन्दम् (५,९ सर्ग मात्र)
एकाइ ५. : मेघदूतम् (उत्तरमेघ)
एकाइ ६. : प्रपञ्चचर्चा

### खण्ड ख : चम्पूः — पूर्णाङ्क २० पाठघण्टा ३०

एकाइ १ : नलचम्पू (प्रथम उच्छ्वास मात्र)

## शिक्षणविवरण

१. शिशुपालवध, मेघदूत, बुद्धचरित, नैषध, सौन्दरनन्द र प्रपञ्चचर्चाको काव्यात्मक वैशिष्ट्य एवं तत्तत् कविहरूको कालनिर्धारण
२. कालिदास, अश्वघोष, माघ, श्रीहर्ष र कुलचन्द्र गौतमको व्यक्तित्व एवं कृतित्वका साथै साहित्यिक र ऐतिहासिक परिचय
३. संस्कृत साहित्यको उत्पत्ति र विकास
४. महाकाव्य, खण्डकाव्य, चम्पू आदि काव्यात्मक विधाहरूको समालोचनात्मक अध्ययन
५. उपर्युक्त ग्रन्थमा निर्धारित पद्यहरूको व्याख्या, अनुवाद, भावार्थ एवं समालोचना ।
६. नलचम्पूको परिचय, महत्त्व र समय विवेचना
७. त्रिविक्रम भट्टको साहित्यिक एवं ऐतिहासिक परिचय
८. ग्रन्थमा निर्धारित अंशहरूको कथावस्तु, चरित्रचित्रण, व्याख्या, अनुवाद एवं समालोचना
९. अन्यान्य चम्पूग्रन्थसित नलचम्पू काव्यको तुलनात्मक विवेचना
१०. नलचम्पूमाथि अन्य चम्पूकाव्यको प्रभाव

## पाठ्यपुस्तकहरू

१. अश्वघोष, बुद्धचरितम्, मोतीलाल बनारसीदास, दिल्ली
२. अश्वघोष, सौन्दरनन्द, मोतीलाल बनारसीदास, दिल्ली
३. माघ, शिशुपालवधम् (द्वितीय सर्ग मात्र) चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी
४. श्रीहर्ष, नैषधीयचरितम् (प्रथम सर्ग मात्र) चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी
५. कालिदास, मेघदूतम् (उत्तरमेघ) " " " " "
६. गौतम, कुलचन्द्र, प्रपञ्चचर्चा, ने. भा. प्रकाशिनी समिति, नेपाल
७. भट्ट, त्रिविक्रम, नलचम्पु, चौखम्बा सं. सी. आ. वाराणसी ।

## सन्दर्भ ग्रन्थ

१. मेकडोनेल, संस्कृत साहित्यका इतिहास, मोतीलाल बनारसीदास, वाराणसी
२. कीथ, ए.बी. संस्कृत साहित्यका इतिहास, मोलीलाल बनारसीदास, वाराणसी ।
३. उपाध्याय, बलदेव, संस्कृत साहित्यका इतिहास, शारदा निकेतन, वाराणसी
४. पाण्डेय एवं व्यास, संस्कृत साहित्य की रूपरेखा, चौखम्बा वि. भ. वाराणसी ।
५. मुसलगाँवकर, केशव राव, संस्कृत महाकाव्य की परम्परा, चौखम्बा वि.भ. वाराणसी
६. वागीश्वर विद्यालङ्कार, कालिदास और उनकी काव्यकला, चौखम्बा वि.भ., वाराणसी
७. शास्त्री, देवदत्त, कालिदास एक अनुशीलन, चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली
८. त्रिपाठी, रमाशंकर, महाकवि कालिदास, चौखम्बा सं. प्रतिष्ठान, दिल्ली
९. शुक्ल, चण्डिकाप्रसाद, नैषधीयचरित एक अनुशीलन, चौखम्बा सं सी. अ. वाराणसी
१०. त्रिपाठी, छविनाथ, चम्पूकाव्यका आलोचनात्मक एवं ऐतिहासिक अध्ययन, चौखम्बा सं. सी. अ. वाराणसी ।

●

# संस्कृत अभिलेख, अनुसन्धानविधि र अनुवादसिद्धान्त

Sans. 535

Paper V
Full Marks 100
Teaching Hours 150

## पाठ्यांशको उद्देश्य

१. साहित्य, इतिहास, राजनीति, धर्म, संस्कृति आदि मानवजीवनसँग सम्बद्ध विषयहरूमा अभिलेखको भूमिकाको ज्ञान गराउनु,

२. अभिलेखका माध्यमले नेपालमा अतीतकालमा रहेको भाषा, संस्कृति, आस्था, परम्परा, जीवनशैली, निष्ठाजस्ता सामाजिक अवस्थाको जानकारी गराउनु,

३. नेपालका अभिलेखहरूमा पाइने काव्यात्मक वैशिष्ट्य र इतिहासको परिचय दिनु,

४. अनुसन्धानविधिको सैद्धान्तिक परिचय र अभ्यासद्वारा उच्चतर अनुसन्धान कार्य गर्न र अनुसन्धान परियोजनाहरूको सञ्चालन गर्न आवश्यक सिप प्राप्त गराउनु,

५. अनुवादकलाको सैद्धान्तिक ज्ञानद्वारा विभिन्न भाषामा रहेका महत्वपूर्ण सामग्रीलाई भाषान्तरमा प्रस्तुत गरी आधुनिक युग सुहाउँदो रूपमा ज्ञानविज्ञानको प्रचारप्रसारमा सक्षम गराउनु ।

## पाठ्यांश विभाजन

| खण्ड | पाठ्यांश | पूर्णाङ्क | पाठघण्टा |
|---|---|---|---|
| क | संस्कृत अभिलेख | ५० | ७५ |
| ख | अनुसन्धानविधि | ३० | ४५ |
| ग | अनुवादसिद्धान्त | २० | ३० |

## पाठ्यांश विवरण

### खण्ड क. संस्कृत अभिलेख पूर्णाङ्क ५० पाठघण्टा ७५

एकाइ १. अभिलेखको परिभाषा, स्वरूप, उद्देश्य र महत्त्व — पाठघण्टा १०

एकाइ २. निर्धारित अभिलेखहरूको महत्त्व — पाठघण्टा २५

एकाइ ३. निर्धारित अभिलेखहरूको विषयवस्तुव्याख्या, अनुवाद र काव्यात्मक विवेचना — पाठघण्टा ४०

यस (खण्ड क) अन्तर्गत निर्धारित अभिलेखहरू -

१. चाँगुनारायणस्थानको मानदेवको अभिलेख
२. लाजिमपाटको क्षेमसुन्दरीको अभिलेख
३. पशुपति सूर्यघाटको विजयवतीको अभिलेख
४. चावहिलको बुद्ध चैत्यअगाडिको अभिलेख
५. हाँडीगाउँस्थित सत्यनारायणस्थानको अनुपरमको अभिलेख
६. बलम्बु चौकिटारको गणदेव भौमगुप्तको अभिलेख
७. पशुपति देउपाटनको स्वामी वार्त्तको अभिलेख
८. विष्णुपादुकाको फेदीको शिवदेवको अभिलेख
९. टिस्टुङको अंशुवर्माको अभिलेख
१०. साँगाको अंशुवर्माको अभिलेख
११. यङ्गालहिटी (लगनटोल)को भीमार्जुनदेव र विष्णुगुप्तको अभिलेख
१२. यङ्गालहिटीको नरेन्द्रदेवको अभिलेख
१३. नक्सालको नरेन्द्रदेवका पालाको (विष्णुदेवको) अभिलेख
१४. बलम्बुको द्वितीय शिवदेवको अभिलेख
१५. द्वितीय जयदेवको पशुपति अभिलेख
१६. पुण्यमल्लको अभिलेख (प्रारम्भका चार अनुच्छेद मात्र)
१७. प्रतापमल्लको अभिलेख (संस्कृत भाग मात्र)
१८. वाग्वतीको भीमसेन थापाको (गीर्वाणयुद्धका पालाको) अभिलेख

**खण्ड ख : अनुसन्धानविधि** पूर्णाङ्क ३० पाठघण्टा ४५

एकाइ १. अनुसन्धानको परिभाषा, क्षेत्र, वैशिष्टच र महत्त्व पाठघण्टा ५
एकाइ २. शीर्षक चयन तथा अनुसन्धानप्रस्ताव र यसका अङ्गहरू पाठघण्टा १०
एकाइ ३. सामग्री सङ्कलन, तालिका निर्माण, सम्पादन, विश्लेषण र व्यवस्थापन पाठघण्टा १५
एकाइ ४. अनुसन्धानप्रतिवेदनरशोधप्रबन्ध लेखनमा ध्यान दिनुपर्ने मह वपूर्ण पक्ष पाठघण्टा १०
एकाइ ५. टङ्कण, शोधन, प्रस्तुति आदि पाठघण्टा ५

**खण्ड ग : अनुवाद सिद्धान्त** पूर्णाङ्क २० पाठघण्टा ३०

एकाइ १. अनुवाद र अनुवादक पाठघण्टा १०
एकाइ २. अनुवादका प्रकार, तिनको स्वरूप र प्रक्रिया पाठघण्टा १०
एकाइ ३ अनुवादकार्यमा आइपर्ने समस्या र अनुवादका लागि आवश्यक पर्ने सामग्रीहरू पाठघण्टा १०

## शिक्षण विवरण

क. १. अभिलेखको अर्थ, परिभाषा, स्वरूप, उद्देश्य र महत्त्व
   २. अभिलेखहरूमा पाइने विषयवस्तुको वर्गीकरण
   ३. अभिलेखहरूको अध्ययनमा नेपालमा हालसम्म भएका कार्यको संक्षिप्त परिचय
   ४. नेपालका प्रमुख अभिलेखहरूको सामान्य परिचय
   ५. ऐतिहासिक, साहित्यिक, सामाजिक, राजनीतिक, धार्मिक, सांस्कृतिक आदि दृष्टिले पाठ्यांशमा निर्धारित अभिलेखहरूको महत्त्व
   ६. निर्धारित अभिलेखहरूको अनुवाद, व्याख्या र तिनमा देखिने काव्यात्मक र अन्य वैशिष्ट्यको विवेचना
   ७. अभिलेखहरूका आधारमा तात्कालिक साहित्य, इतिहास, समाज, धर्म, संस्कृति, रीतिथिति, जीवनशैली आदि तथ्यप्राप्तिको विवेचन ।

ख. १. शोध र अनुसन्धानको अर्थ, परिभाषा, स्वरूप, विशेषता, उद्देश्य र महत्त्व
   २. अनुसन्धाता र निर्देशकमा हुनुपर्ने गुणहरू
   ३. अनुसन्धानको क्षेत्र र सीमाङ्कन
   ४. अनुसन्धानका प्रक्रिया र यसका प्रमुख चरण
   ५. अनुसन्धानक्षेत्रको छनोट र शीर्षक चयन
   ६. अनुसन्धानप्रस्ताव र यसका प्रमुख अङ्गहरू (समस्याकथन, विषयपरिचय, आवश्यकताकथन, विषयको उपयोगिता, प्राक्कल्पना, पूर्वकार्य समीक्षा आदि)
   ७. समग्री सङ्कलनका विधि, प्रकार र प्रक्रियाहरूको ज्ञान (नमुनासङ्कलन, पत्रविधि, टिप्पणीविधि, पुस्तकालयप्रयोग, स्थलगत सर्वेक्षण,अन्तर्वार्ता आदि)
   ८. सङ्कलित सामग्रीको व्यवस्थापन, प्रशोधन, विश्लेषण र सामान्यीकरण
   ९. अनुसन्धानप्रतिवेदनरशोधप्रबन्धको मस्यौदा, परिमार्जन, अध्यायविभाजन, साफी लेखन, अध्यायगत शीर्षक र उपशीर्षकहरूको व्यवस्थापन, मूलपाठ, पादटिप्पणी, परिशिष्ट, सन्दर्भ ग्रन्थसूची, शोधसार आदि ।
   १० प्रतिवेदनको टङ्कण, मुखपृष्ठ, स्वीकृतिपत्र, कृतज्ञताज्ञापन, प्राक्कथन, विषयसूची, गाताबन्दी, प्रस्तुति आदि ।

ग. १. अनुवादको अर्थ, परिभाषा, स्वरूप, उद्देश्य, आवश्यकता, उपयोगिता
   २. अनुवादकका योग्यता र गुण
   ३. सृजना र अनुवादमा अन्तर
   ४. अनुवादको प्रक्रिया, प्रकार र प्रणाली
   ५. अनुवादका लागि आवश्यक सामग्री
   ६. एकभाषिक, द्विभाषिक र बहुभाषिक शब्दकोशको उपयोग तथा पारिभाषिक/प्राविधिक शब्दावलीको प्रयोग
   ७. अनुवादका दोष र अनुवादकार्यमा आइपर्ने समस्याहरू

## सन्दर्भपुस्तक

१. बज्राचार्य, धनवज्र, लिच्छविकालका अभिलेख, नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि, कीर्तिपुर, २०५३ वि.सं. ।
(अभिलेख सङ्ख्या १, २, ६, २०, ३५, ४४, ५०, ५४, ७४, ७८, ११७, १२४, १२७, १४३ र १४८ मात्र)
२. बज्राचार्य, धनवज्र, शाहकालका अभिलेख, नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि., कीर्तिपुर । (अभिलेख सङ्ख्या १५ मात्र)
३. रेग्मी, जगदीशचन्द्र, सात साहित्यिक र ऐतिहासिक अभिलेख, रत्न पुस्तक भण्डार, काठमाडौं । (भूमिका भाग र आरम्भका पाँच अभिलेख मात्र)
४. जोशी, हरिराम, नेपालका प्राचीन अभिलेख, ने.रा.प्र.प्र., काठमाडौं ।
(अभिलेख सङ्ख्या २, ७, २०, २२, २३, ४७, ५३, ५७, ७६, ८०, ११६, १२२, १२६, १४५ र १५५ मात्र)
५. ढकाल, वेणीमाधव, लिच्छविकालिकानामभिलेखानां साहित्यिकमनुशीलनम्, प्रभालक्ष्मी राणा, लालदरबार, काठमाडौं ।
६. ................. , उत्कीर्णलेखपञ्चकम्, ................. ............. ।
७. बन्धु, चूडामणि, अनुसन्धान तथा प्रतिवेदन लेखन, रत्न पुस्तक भण्डार, काठमाडौं ।
८. शर्मा, प्रा. मोहनराज र डा. खगेन्द्रप्रसाद लुइटेल, शोधविधि, साझा प्रकाशन, ललितपुर
९. पौडेल, डा. भूपहरि, शोध र सिर्जना सिद्धान्त, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं ।
१०. शर्मा, विनयमोहन, शोधप्रविधि, नेशनल पब्लिशिङ हाउस, दिल्ली
११. त्रिपाठी, भगीरथप्रसाद, अनुसन्धानपद्धति, सम्पूर्णानन्द सं. वि. वि., वाराणसी ।
१२. सिंह, सरनाम, शोधप्रक्रिया, चौखम्बा विद्याभवन, वाराणसी
१३. सिंह, सावित्री, अनुसन्धानका स्वरूप, चौखम्बा विद्याभवन, वाराणसी
१४. न्यूयोर्क, पेटेर, एप्रोचेज टु ट्रान्सलेसन, प्रेगार्मोन प्रेस, अक्सफोर्ड
१५. निडा, इ.ए, टुवार्ड्स ए साइन्स अफ ट्रान्सलेटिङ्ग, इ.जी.ब्रिल, लिडेन ।
१६. विल्स, वोल्फ्रम, द साइन्स अफ ट्रान्सलेसन : प्रोब्लम्स एण्ड मेथड्स, गुन्टेर नार भर्लेग, टुबिन्गेन ।
१७. कुमार, डा.सुरेश, अनुवाद सिद्धान्तकी रूपरेखा, वाणी प्रकाशन, नई दिल्ली
१८. वोरा, डा. राजमल, अनुवाद क्या है, वाणी प्रकाशन, नई दिल्ली
१९. आरसु, डा., साहित्यानुवाद : संवाद और संवेदना, वाणी प्रकाशन, नई दिल्ली
२०. पालीवाल, रीतारानी, अनुवाद प्रक्रिया एवं परिदृश्य, वाणी प्रकाशन, नई दिल्ली
२१. रावत, चन्द्रभान र दिलीप सिंह, अनुवाद : अवधारणा और अनुप्रयोग, नेशनल पब्लिसिङ हाउस, नई दिल्ली
२२. श्रीवास्तव, रवीन्द्रनाथ र कृष्णकुमार, अनुवाद : सिद्धान्त और समस्याएँ, आलेख प्रकाशन, दिल्ली ।

# एम्. ए. (संस्कृत) द्वितीय वर्ष

| पत्र | सङ्केताङ्क | पाठ्यांश | पूर्णाङ्क |
|---|---|---|---|
| VI | Sans.536 | काव्यशास्त्र<br>क. पौरस्त्य काव्यशास्त्र पूर्णाङ्क ८०<br>ख. पाश्चात्य काव्यशास्त्र पूर्णाङ्क २० | १०० |
| VII | Sans.537 | संस्कृत रूपक एवं नाट्यशास्त्र<br>क. संस्कृत रूपक पूर्णाङ्क ७०<br>ख. नाट्यशास्त्र पूर्णाङ्क ३० | १०० |
| VIII | Sans.538 | संस्कृत गद्यकाव्य | १०० |
| IX | Sans.539 | विशेष अध्ययन<br>(निम्नलिखितमध्ये कुनै एक पाठ्यांश लिनुपर्ने<br>Sans.539-1 प्राच्य राजशास्त्र एवं अर्थशास्त्र<br>Sans.539-2 दर्शनशास्त्र<br>Sans.539-3 धर्मशास्त्र<br>Sans.539-4 साहित्यशास्त्र | १०० |
| X | Sans.540 | ऐच्छिक अध्ययन :<br>(निम्नलिखितमध्ये कुनै एक विषय लिनुपर्ने)<br>Sans.540-1 संस्कृतसाहित्यको इतिहास एवं निबन्ध<br>Sans.540-2 संस्कृत मौलिक कृतिलेखन<br>(निम्नलिखितमध्ये कुनै एक विधा लिनुपर्ने)<br>Sans.540-2A खण्डकाव्य (कम्तीमा १५० पद्य)<br>Sans.540-2B कवितासङ्ग्रह (कम्तीमा २० कविता)<br>Sans.540-2C निबन्धसङ्ग्रह (कम्तीमा १५ निबन्ध)<br>Sans.540-2D उपन्यास (कम्तीमा १५० पृष्ठ)<br>Sans.540-2E कथासङ्ग्रह (कम्तीमा २० कथा)<br>Sans.540-2F नाट्यकृति (कम्तीमा १०० पृष्ठ)<br>Sans.540-3 अनुवादलेखन<br>Sans.540-4 शोधपत्र | १०० |

# काव्यशास्त्र

Sans. 536

Paper VI
Full Marks 100
Teaching Hours 150

## पाठ्यांशको उद्देश्य

१. भिन्न भिन्न कालमा रचित संस्कृत काव्यशास्त्र र तिनमा प्रयुक्त भाषा, शैली र भाव आदिको परिचय,

२. काव्य साहित्यको विकासक्रम तथा प्रमुख साहित्यकार एवं उनीहरूको कृतिसित परिचित गराउनु,

३. पौरस्त्य एवं पाश्चात्य काव्यशास्त्रीय सिद्धान्तहरूको ज्ञानका साथै उक्त सिद्धान्तहरूको तुलनात्मक अध्ययन गर्ने क्षमताको विकास,

४. काव्यका प्रयोजन, कारण, स्वरूप र काव्यभेदको परिचय,

५. चार प्रकारका सङ्केतित अर्थ, अभिधा, लक्षणा, व्यञ्जना, ध्वनि एवं रससम्बन्धी विविध मतको ज्ञान,

६. गुणीभूतव्यङ्ग्य एवं व्यञ्जनाव्यापारसम्बन्धी विवेचनात्मक परिचयका साथै काव्यशास्त्रीय दृष्टिकोणले गुण, शब्दालङ्कार र अर्थालङ्कार आदिको बोध,

७. ध्वनिको स्वरूप, प्रयोजन र भेद आदिको ज्ञान

८. रस, गुण, अलङ्कार आदि काव्यशास्त्रीय विभिन्न तत्त्वहरूको पाश्चात्य आचार्य अरस्तुद्वारा गरिएको समालोचनात्मक अध्ययनको परिचय,

९. उपर्युक्त काव्यशास्त्रीय विभिन्न विषयवस्तुहरूको सम्यक् र सूक्ष्म परिशीलनबाट काव्य साहित्य क्षेत्रमा गम्भीर विवेचना गर्ने क्षमताको विकास गराउनु ।

## पाठ्यांश विभाजन

| खण्ड | पाठ्यांश | पूर्णाङ्क | पाठघण्टा |
|---|---|---|---|
| क. | पौरस्त्य काव्यशास्त्र | ८० | १२० |
| ख. | पाश्चात्य काव्यशास्त्र | २० | ३० |

## पाठ्यांश विवरण

| | | |
|---|---|---|
| **खण्ड क : पौरस्त्य काव्यशास्त्र** | पूर्णाङ्क ८० | पाठघण्टा १२० |
| १. काव्यप्रकाश (सम्पूर्ण) | पूर्णाङ्क ६० | पाठघण्टा ८० |
| २. ध्वन्यालोक (प्रथम उद्योत) | पूर्णाङ्क २० | पाठघण्टा ३० |
| **खण्ड ख : पाश्चात्य काव्यशास्त्र** | पूर्णाङ्क २० | पाठघण्टा ३० |

अरस्तुको काव्यशास्त्र (Aristotal's Poetics) बाट निम्नलिखित विषयहरू मात्र -

१. काव्यको परिभाषा, उद्‌भव एवं प्रयोजन

२. अनुकरणको सिद्धान्त, उद्देश्य, माध्यम र प्रक्रिया (Manner)

३. महाकाव्य, दुःखान्त नाटक (Tragedy) र सुखान्त नाटक (Comedy) को परिभाषा, तत्त्व (Six elements : Plot, Character, Thought, Spactacular, Presentation, Lyrical Song, Dictions Of Tragedy, Others) तथा अन्विति Three unities catharsis, Theory of Universalization in poetry and Aerthetic pleasures)

४. पाँच प्रकारका कलाहरू (Poetry, Music, Dancing, Painting and Sculpture)

५. महाकाव्य, दुःखान्त र सुखान्त काव्यको तुलनात्मक अध्ययन ।

## शिक्षण विवरण

**खण्ड क : पौरस्त्य काव्यशास्त्र** पूर्णाङ्क ८० पाठघण्टा १२०

१. आचार्य मम्मटको काव्यशास्त्रीय वैशिष्ट्च एवं समयनिर्धारण
२. मम्मटको अन्यान्य आलङ्कारिक विद्वान्‌हरूसित तुलना
३. काव्यप्रकाशको वैशिष्ट्च तथा अन्यान्य प्राचीन अलङ्कार ग्रन्थहरूको यसमाथि प्रभाव
४. पौरस्त्य एवं पाश्चात्य काव्यशास्त्रको परिचय एवं परस्पर तुलनात्मक विवेचन
५. परवर्त्ती अलङ्कारग्रन्थहरूमाथि काव्यप्रकाशको प्रभाव
६. आचार्य आनन्दवर्द्धनको पाण्डित्य र कालनिर्धारण
७. काव्यप्रकाशलगायत अन्यान्य ग्रन्थहरूमाथि ध्वन्यालोक ग्रन्थको प्रभाव
८. ध्वन्यालोक एवं काव्यप्रकाशको तुलनात्मक अध्ययन
९. काव्यप्रकाशको आधारमा काव्यको लक्षण, कारण, प्रयोजन र भेदहरू
१०. शब्द, अर्थ, शब्दव्यापार, सङ्केतित अर्थ, अभिधा, लक्षणा, व्यञ्जना, ध्वनि, गुणीभूतव्यङ्ग्य, रस, भाव, दोष, गुण र तिनीहरूको भेद

११. शब्दालङ्कार, अर्थालङ्कार तथा यिनीहरूको भेद एवं ग्रन्थान्तर्गत कारिका र श्लोकहरूको व्याख्या, अर्थसहित अध्ययन र समालोचना ।
१२. ध्वन्यालोकका आधारमा ध्वनिको स्थापना र ध्वन्यभाववादी मतको निराकरण
१३. ध्वनिको स्वरूप, अलङ्कार आदिमा ध्वनिको अन्तर्भावको खण्डन र ध्वनिको भेदप्रतिपादनलगायत प्रथम उद्योतान्तर्गतका श्लोकहरूको अर्थ, व्याख्या एवं विवेचन ।

**खण्ड ख : पाश्चात्य काव्यशास्त्र** **पूर्णाङ्क २०** **पाठघण्टा ३०**

१. पाश्चात्य काव्यशास्त्रको आधारमा काव्यको स्वरूप, उद्‌भव, प्रयोजन र विकास
२. महाकाव्य, सुखान्त र दुःखान्त नाटक, अनुकरण सिद्धान्त, रस, गुण, अलङ्कार आदिको समालोचनात्मक अध्ययन
३. पौरस्त्य काव्यशास्त्रमा प्रतिपादित विषयहरूसित पाश्चात्य काव्यशास्त्रमा प्रतिपादित विषयहरूको तुलनात्मक विवेचन
४. अरस्तु प्रतिपादित काव्यशास्त्रको वैशिष्टय एवं अरस्तुको काल निर्धारण आदि ।

## पाठ्यपुस्तक


१. आचार्य मम्मट, काव्यप्रकाश, चौखम्बा विद्याभवन, वाराणसी, १९९२ ई.
२. आचार्य आनन्दवर्धन, ध्वन्यालोक, चौखम्बा विद्याभवन, वाराणसी, १९९२ ई.
३. नगेन्द्र (सम्पा.) अरस्तुका काव्यशास्त्र, भारती भण्डार, लीडर भवन, इलाहाबाट, १९९२ ई.


## सन्दर्भपुस्तक


१. हीरा, राजवंश सहाय, भारतीय काव्यशास्त्रके प्रतिनिधि सिद्धान्त, चौखम्बा सं सी., वाराणसी, १९९७ ई.
२. राय, गंगासागर, हिन्दी काव्य मीमांसा, चौखम्बा सं सी. वाराणसी
३. मिश्र, जयमन्त, काव्यात्ममीमांसा, चौखम्बा सं. प्रतिष्ठान, दिल्ली, १९९२ ई.
४. नगेन्द्र (सम्पा.), पाश्चात्य काव्यशास्त्र की परम्परा, चौखम्बा सं. प्र. दिल्ली, १९९२ ई.
५. भाटी, देश सिंह, पाश्चात्य काव्य सिद्धान्त, चौखम्बा सं. प्रतिष्ठान,
६. त्रिपाठी, वासुदेव, पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं
७. महापात्र, विश्वनाथ, साहित्य दर्पण, चौखम्बा विद्याभवन, वाराणसी
८. सुवेदी, अभि, पाश्चात्य काव्य सिद्धान्त, काठमाडौं ।

# रूपक एवं नाटचशास्त्र

Sans. 537

Paper VII
Full Marks 100
Teaching Hours 150

## पाठ्यांशको उद्देश्य

१. राष्ट्रप्रेम, स्वामीप्रति निष्ठाभाव, परोपकारी विचार, देश र जनता प्रति निस्वार्थभावको प्रादुर्भाव गराउनु,
२. व्यक्तिगत स्वार्थ परित्याग एवं लोकानुरञ्जनलाई सर्वोपरि ठानी सोहीअनुसारको आचरणवान् बन्ने परम्पराको विकास गराउनु,
३. तात्कालिक सामाजिक अवस्था, धनी र निर्धन अवस्थामा पर्ने मनोवैज्ञानिक प्रभाव, लोकभाषाको विशेषता एवं प्रतिकात्मक चिन्तनसित परिचित गराउनु,
४. सट्टकका विशेषताका साथै त्यसमा प्रयुक्त भाषा, वादविवाद, संवाद, मनोवाद एवं अभिव्यक्ति दिन सक्ने क्षमता विकास गराउनु,
५. नाटिकाको महत्त्व एवं राजधर्म, वचनबद्धता, नैतिकता प्रति समर्पित हुन र अनैतिक प्रवृत्तिलाई समाप्त पार्ने दृढताको क्षमता विकसित गराउनु,
६. नैतिकता, सच्चरित्रता, परोपकार एवं आदर्श आदि सद्गुणको विकास गराउनु ।
७. नाटचरचना सम्बन्धी सिपको ज्ञान गराई रचना गर्न सक्ने प्रतिभाको विकास गराउनु ।

## पाठ्यांश विभाजन

| खण्ड | पाठ्यांश | पूर्णाङ्क | पाठघण्टा |
|---|---|---|---|
| क. | रूपक तथा उपरूपक | ७० | १०५ |
| ख. | नाटचशास्त्र | ३० | ४५ |

## पाठ्यांश विवरण

खण्ड क : रूपक तथा उपरूपक　　पूर्णाङ्क ७०　　पाठघण्टा १०५

एकाइ १. मुद्राराक्षसम्
एकाइ २. उत्तररामचरितम्
एकाइ ३. मृच्छकटिकम्
एकाइ ४. कर्पूरमञ्जरी
एकाइ ५. रामाङ्क नाटिका (अङ्क १ र २ मात्र )

खण्ड ख : नाटचशास्त्र　　पूर्णाङ्क ३०　　पाठघण्टा ४५

दशरूपक (सम्पूर्ण)

## शिक्षण विवरण

१. नाटक, प्रकरण, सट्टक एवं नाटिकाको परिभाषा
२. निर्धारित ग्रन्थ तथा ग्रन्थकारको साहित्यिक परिचय
३. मुद्राराक्षसको राजनीतिक विशेषता, चरित्रचित्रण एवं समालोचना
४. उत्तररामचरितको महत्त्व, प्रजारञ्जन हेतु स्वार्थ त्याग तथा चरित्रचित्रणका साथै समालोचना
५. कर्पूरमञ्जरीको भाषा, शैली एवं व्याख्याका साथै चरित्रचित्रण,
६. संस्कृत रूपक एवं उपरूपकको भेद एवं विकास,
७. दशरूपकका आधारमा नृत्य, नृत्त, अर्थप्रकृति, पञ्चसन्धि, कथावस्तु आदि नाटकीय तत्त्व एवं रस भेदका साथै शान्तरसको आवश्यकता ।

## पाठ्यपुस्तक

१. विशाखदत्त, मुद्राराक्षस, चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी, १९९७ ई.
२. भवभूति, उत्तररामचरितम्, ,, ,, ,, ,, ,,
३. राजशेखर, कर्पूरमञ्जरी, मोतीलाल बनारसीदास, दिल्ली १९८७ ई.
४. शूद्रक, मृच्छकटिकम्, मोतीलाल बनारसीदास, दिल्ली
५. धर्मगुप्त, रामाङ्कनाटिका,नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं
६. धनञ्जय, दशरूपक, चौखम्बा संस्कृत सीरीज, वाराणसी, १९६८ ई.

## सन्दर्भ पुस्तक


१. कीथ, ए.वी., संस्कृत नाटक, मोतीनाल बनारसीदास, वाराणसी, १९२७ ई.
२. पाण्डे एवं व्यास, संस्कृत साहित्यकी रूपरेखा, चौखम्बा वि.भ., वाराणसी
३. तिवारी, रमाशङ्कर, महाकवि शूद्रक, चौखम्बा सं. प्रतिष्ठान, दिल्ली, १९९२ ई.
४. मैक्डोनल, संस्कृत साहित्यका इतिहास, चौखम्बा सं.सी. अफिस, वाराणसी, १९९७ ई.
५. उपाध्याय, बलदेव, संस्कृत साहित्यका इतिहास, शारदा निकेतन, वाराणसी, १९७८ ई.
६. सिंह, अयोध्याप्रसाद, भवभूति और उनकी नाट्यकला, मोतीलाल बनारसीदास, दिल्ली, १९८७ ई.
७. त्रिपाठी, रमाकान्त, संस्कृत नाट्य सिद्धान्त, चौखम्बा सं. प्रतिष्ठान, दिल्ली १९९२ ई.
८. शर्मा, चित्रा, संस्कृत नाटकों में समाज चित्रण, चौखम्बा सं.प्र., दिल्ली, १९९२ ई.
९. प्रीता जेध, संस्कृत नाटकों में प्राकृतभाषिणी स्त्रियाँ
१०. महापात्र, विश्वनाथ, साहित्यदर्पण, मोतीलाल बनारसीदास, वाराणसी, १९८७ ई.
११. शुक्ल, चुन्नीलाल, संस्कृत नाटक समीक्षा, मोतीलाल बनारसीदास, वाराणसी
१२. भट्टाचार्य, विश्वनाथ, संस्कृत नाटक एवं नाटककार, मोतीलाल बनारसीदास, १९८७ ई.

# संस्कृत गद्यकाव्य

Sans. 538

Paper VII
Full Marks 100
Teaching Hours 150

## पाठ्यांशको उद्देश्य

१. विभिन्न कालमा रचित संस्कृत गद्यकाव्यको अध्ययनबाट तात्कालिक सामाजिक, राजनीतिक, धार्मिक, आर्थिक र ऐतिहासिक अवस्थाको ज्ञान गराउनु,

२. हर्षचरितको अध्ययनबाट आख्यायिकाको स्वरूपको परिचयका साथै संस्कृतमा गद्यकाव्यको निर्माण गर्न सक्ने क्षमताको विकास गराउनु,

३. कादम्बरीको अध्ययनबाट संस्कृत गद्यकाव्यको सर्वोत्कृष्ट गद्य रचनाकारले पद्यकाव्यमा पनि उत्तमोत्तम रचना गर्न सक्छन् भन्ने भावनाको विकास गराउनु,

४. जातकमालाको अध्ययनबाट दर्शनशास्त्र जस्तो गहन विषयलाई पनि साहित्यको माध्यमबाट प्रतिपादन गर्न सकिने कुराको बोध गराउनुको साथै बौद्ध दर्शनमा प्रतिपादित विषयवस्तुहरूको परिचय गराउनु,

५. शरीरलगायत सबै सांसारिक वस्तुहरू नाशवान् हुनाले शरीरको सार्थकता प्राणिहरूको सेवामा र धनको उपयोगिता दानमा नै हुन्छ भन्ने भावनाको विकास गराउनु,

६. कथा र आख्यायिकामा भेद, तिनीहरूको तुलना तथा ग्रन्थकारहरूको ऐतिहासिक र साहित्यिक विशेषताहरूको प्रतिपादन गर्न सक्ने योग्यताको विकास गराउनु ।

## पाठ्यांश विवरण

| | | |
|---|---|---|
| एकाइ १. हर्षचरितम् १-४ उच्छ्वास, | पूर्णाङ्क ५० | पाठघण्टा ७५ |
| एकाइ २. कादम्बरी (कथामुखम् मात्र) | पूर्णाङ्क २० | पाठघण्टा ३० |
| एकाइ ३. जातकमाला (१-६ जातक) | पूर्णाङ्क ३० | पाठघण्टा ४५ |

## शिक्षण विवरण

१. संस्कृत गद्य साहित्य र कथा साहित्यको उत्पत्ति, विकास एवं भेद,
२. बाणभट्टको ऐतिहासिक र साहित्यिक परिचय र उनको गद्य लेखन शैलीको अध्ययन,
३. कथा र आख्यायिकाको स्वरूप र भेद,
४. हर्षचरितको वैशिष्ट्य एवं परवर्ती गद्यकाव्यमा त्यसको प्रभाव,

५. हर्षचरितको कथावस्तु, चरित्रचित्रण, यसअन्तर्गत गद्यपद्यको व्याख्या, अनुवाद, भावार्थ एवं समालोचना,
६. कादम्बरीको कथावस्तु, सारांश, चरित्रचित्रण, संवाद, व्याख्या तथा समालोचना,
७. गद्यकाव्यमा कादम्बरीको स्थान र परवर्ती गद्यकाव्यमा त्यसको प्रंभावको समीक्षा,
८. जातकमालाको गद्यपद्यशैली एवं वैशिष्ट्च,
९. आर्यशूरको ऐतिहासिक एवं साहित्यिक परिचय,
१०. जातकमालाको कथावस्तु, सारांश, चरित्रचित्रण, अनुवाद, व्याख्या तथा समालोचना ।

## पाठ्यपुस्तक


१. भट्ट, बाण, हर्षचरितम् (निर्धारित अंश मात्र), चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी, १९९७ ई.
२. भट्ट, बाण, कादम्बरी (निर्धारित अंश मात्र), चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी, १९९७ ई.
३. आर्यशूर, जातकमाला, चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी, १९९७ ई.


## सन्दर्भपुस्तक


१. अग्रवाल, वासुदेवशरण, हर्षचरित : एक सांस्कृतिक अध्ययन, चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी
२. शास्त्री, सूर्यकान्त, संस्कृत साहित्यका विवेचनात्मक इतिहास, चौखम्बा सं.सी.अ. वाराणसी
३. उपाध्याय, बलदेव, संस्कृत साहित्य का इतिहास, शारदा निकेतन, वाराणसी, १९९० ई.
४. जैन, सीताचरणलाल आचार्य, बुद्धघोष और उनकी अट्टकथाएँ, चौखम्बा सं.सी.अ. वाराणसी
५. मिश्र, कमलाकान्त, जातकमाला एक अध्ययन, चौखम्बा सं.सी.अ. वाराणसी
६. तुङ्गार (सम्पा.), जातकसङ्ग्रह, चौखम्बा सं.सी.अ. वाराणसी
७. Wintriniz, **History Of Sanskrit Literature**, चौखम्बा सं.सी.अ. वाराणसी
८. Cheri, V. Varda, **History OF Sanskrit Literature**, चौखम्बा सं.सी.अ. वाराणसी
९. Theosteher, **Conceptions Of Buddhistic Nirvan**, चौखम्बा सं.सी.अ. वाराणसी ।

# प्राच्य राजशास्त्र एवं अर्थशास्त्र

Sans. 539-1

Paper IX
Full Marks 100
Teaching Hours 150

## पाठ्यांशको उद्देश्य

१. संस्कृत वाङ्मयमा उपलब्ध प्राच्य राजशास्त्र एवं अर्थशास्त्रसम्बन्धी प्रमुख ग्रन्थ र विषयवस्तुको जानकारी गराउनु,

२. पौरस्त्य प्राचीन शासनव्यवस्था, विधिव्यवस्था, राज्याङ्ग, विवादपथ, दायभाग आदिको जानकारी र आधुनिक परिप्रेक्ष्यमा उक्त विषयवस्तुको तुलनात्मक ज्ञान गराउनु,

३. परवर्ती समाजव्यवस्था र राज्यव्यवस्थामा मनु, याज्ञवल्क्य र कौटिल्यको योगदानको मूल्याङ्कनका र तिनका प्रभावको विश्लेषण गर्न सक्षम बनाउनु,

४. कौटिल्यको अर्थशास्त्रमा प्रतिपादित अर्थशास्त्रसम्बन्धी चिन्तनधाराको सूक्ष्म अनुशीलन गराई आधुनिक अर्थशास्त्रीय सिद्धान्तसँग तुलनात्मक अध्ययन गराउनु,

५. मनुस्मृतिका आधारमा कुशल प्रशासक र कुशल व्यवस्थापकमा हुनु पर्ने प्रतिभाको विकासका साथै तात्कालिक राज्यव्यवस्थासम्बन्धी नियमबाट आधुनिक राज्यव्यवस्थामा परेको प्रभावको जानकारी गराउनु,

६. यज्ञवल्क्यस्मृतिका आधारमा तात्कालिक सामाजिक परम्परा र धार्मिक, सांस्कृतिक एवं राजनीतिक व्यवस्थासित त्यस बेलाका विधिसम्बन्धी नियम, लौकिक व्यवहार एवं कर्तव्याकर्तव्यबोधका साथै आधुनिक विधि ज्ञबध० नियममाथि परेको प्रभावसित परिचित गराउनु ।

## पाठ्यांश विभाजन

| खण्ड | पाठ्यांश | पूर्णाङ्क | पाठघण्टा |
|---|---|---|---|
| क. | प्राच्य राजशास्त्र | ६० | ९० |
| ख. | प्राच्य अर्थशास्त्र | ४० | ६० |

## पाठ्यांश विवरण

खण्ड क : प्राच्य राजशास्त्र पूर्णाङ्क ६० पाठघण्टा ९०

एकाइ १. मनुस्मृति (सातौं अध्याय सम्पूर्ण तथा आठौं अध्यायको निक्षेप मिथ्याकथने दण्ड-श्लोकसम्म मात्र) पूर्णाङ्क ३० पाठघण्टा ४५

एकाइ २ याज्ञवल्क्यस्मृति (व्यवहाराध्याय मात्र, साधारण, व्यवहार, मातृकाप्रकरण, साक्षिप्रकरण, दायभाग प्रकरण र सीमाविवाद प्रकरण बाहेक) पूर्णाङ्क ३० पाठघण्टा ४५

खण्ड ख : अर्थशास्त्र पूर्णाङ्क ४० पाठघण्टा ६०

एकाइ १. कौटिलीय अर्थशास्त्रको निम्न निर्धारित अंश

- द्वितीय अधिकरणको अध्याय २, ७, १६, १७, १९, २१, २२ र २४ मात्र ।
- तृतीय अधिकरणको अध्याय ५, ६, ८ र ११ मात्र ।
- पञ्चम अधिकरणको अध्याय २ र ३ मात्र ।
- नवम अधिकरणको चतुर्थ अध्याय मात्र ।

## शिक्षण विवरण

१. राजशास्त्र र अर्थशास्त्र सम्बन्धी संस्कृत वाङ्मयमा उपलब्ध प्रमुख ग्रन्थ, तिनका रचयिता, समय एवं विषयवस्तुको सामान्य परिचय

२. मनुस्मृतिको कालनिर्धारण, उपयोगिता, अन्य स्मृतिग्रन्थहरूमाथि त्यसको प्रभाव, तुलना, राजधर्म, दण्डोत्पत्ति, दण्डप्रमाण, इन्द्रियजय, व्यसननिन्दा, दूतलक्षण, वणिक्कर ग्रहण, अरिप्रकृति, अन्नादिपरीक्षा, अधर्मवादिशासन, प्रोषितपतिकादि धन रक्षण, साक्षी, सत्यप्रशंसा, निक्षेपदान, स्तेननिग्रहण, स्त्रीसंग्रहण, कन्यादूषण, अर्धस्थापन, तुलादिपरीक्षा आदिको ज्ञान र विवेचनका साथै मनुस्मृतिका निर्धारित श्लोकहरूको व्याख्या, अनुवाद, भावार्थ र विवेचना ।

३. कौटिल्यको समय, कौटिलीय अर्थशास्त्रको उपयोगिता र परवर्ती अर्थशास्त्रीय र राजशास्त्रीय चिन्तनमा अर्थशास्त्रको प्रभाव, भूमिसुधार र कृषिकर्म, व्यापार र व्यापारिक लेखाजोखा राख्ने कार्य, नापतौल, शुल्कव्यवहार, चलअचल सम्पत्ति र अंशबण्डासम्बन्धी व्यवस्था, कोशवृद्धि, वेतनव्यवस्था, एवं लाभहानि आदिका सम्बन्धमा कौटिल्यको अर्थशास्त्रमा प्रतिपादित व्यवस्थाको अध्ययन, कौटिलीय अर्थशास्त्रका निर्धारित अध्यायका श्लोकहरूको व्याख्या, अनुवाद र विवेचनाका साथै परवर्ती अर्थशास्त्रीय चिन्तनमा कौटिल्यको प्रभावको समीक्षा ।

४. याज्ञवल्क्यको परिचय, याज्ञवल्क्यस्मृतिको कालनिर्धारण र मह वप्रतिपादन ।

५. याज्ञवल्क्यस्मृतिमाथि अन्यान्य स्मृतिहरूको प्रभाव र यसको मनुस्मृति, बृहस्पतिस्मृति आदिसित तुलना ।

६. याज्ञवल्क्यस्मृतिको व्यवहाराध्यायअन्तर्गत असाधारण व्यवहारमातृका, ऋणादान, उपनिधि, लेख्य, दिव्य, स्वामिपाल विवाद, अस्वामिविक्रय, दत्ताप्रदानिक, क्रीतानुशय, अभ्युपेत्याशुश्रूषा, संविद्व्यतिक्रम, वेतनादान, द्यूतसमाह्वय, वाक्पारुष्य, दण्डपारुष्य, साहस, विक्रीयासम्प्रदान, सम्भूयसमुत्थापन, स्तेय, स्त्रीसंग्रहण र प्रकीर्णप्रकरणमा प्रतिपादित श्लोकहरूको व्याख्या, अनुवाद, भावार्थ र विवेचना ।

७. प्राच्य (संस्कृत) वाङ्मयमा उन्नत शासनव्यवस्था र सामाजिक विकासका अवधारणाहरूको मूल्याङ्कन ।

८. परवर्ती राजनीतिक व्यवस्था र सामाजिक विकासमा मनु, याज्ञवल्क्य र कौटिल्यको प्रभावको समीक्षा ।

## पाठ्यपुस्तक


१. मनु, मनुस्मृति, चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी, १९९७ ई.
२. याज्ञवल्क्य, याज्ञवल्क्यस्मृति, ,, ,, ,, ,, १९६७ ई.
३. विष्णुगुप्त, कौटिलीय अर्थशास्त्र, ,, ,, ,, १९९७ ई.


## सन्दर्भपुस्तक


१. मनुस्मृति, आर्ष साहित्य प्रचार ट्रस्ट, खारी बावली, दिल्ली, १९९५ ई.
२. याज्ञवल्क्यस्मृति, मिताक्षरा संस्कृत हिन्दी टीका सहित, चौखम्बा, वाराणसी
३. गैरौला, वाचस्पति, हिन्दी कौटिलीय अर्थशास्त्र, मोतीलाल बनारसीदास, दिल्ली, १९८७ ई.
४. राय, कौशलकुमार, अपराध और दण्डशास्त्र, चौखम्बा वि. भवन, वाराणसी
५. राय, कौशलकुमार, मनुस्मृति, मेधातिथिभाष्य, चौखम्बा सं. सी. अफिस, वाराणसी

# दर्शनशास्त्र

Sans. 539-2

Paper IX
Full Marks 100
Teaching Hours 150

## पाठ्यांशको उद्देश्य

१. प्रमुख पौरस्त्य दर्शन (वैदिक-अवैदिक तथा सेश्वर-निरीश्वर) का मूलभूत सिद्धान्तहरूको यथार्थ परिचय गराउनु,
२. पदार्थहरूको चिन्तनबारे देहात्मवादी स्थूलतम दृष्टिदेखि लिएर ब्रह्मैकवादी सूक्ष्मतम दृष्टिसम्मका पौरस्त्य दार्शनिकधारालाई आत्मसात् गराउनु,
३. दर्शनहरूमा प्रतिपादित पदार्थहरूको संख्या र प्रतिपादनशैली (विवेचनरीति)को विविधतालाई राम्ररी केलाउने क्षमताको सर्जन,
४. चार्वाकको देहात्मवाद, बौद्धको विज्ञानवाद, क्षणिकवाद र शून्यवाद, जैनदर्शनको आवरण मुक्तिवाद र अनेकान्तवादको परिचय प्राप्त गराउनु,
५. वैदिक दर्शनहरूमा प्रतिपादित ईश्वरकर्तृत्व, कर्मवाद, जीवात्मपरमात्म पार्थक्यवाद, प्रकृतिपुरुषवाद, अनेकात्मवाद, जीवब्रह्मैकत्वावाद जस्ता मूलभूत सिद्धान्तहरूको ज्ञान प्राप्त गरी तिनको व्याख्या-विश्लेपण गर्ने क्षमताको विकास गर्नु,
६. दर्शनहरूमा प्रतिपादित मोक्षवादसित सम्बद्ध विभेदको ज्ञान प्राप्त गराउनु ।

## पाठ्यांशविभाजन

| खण्ड | पाठ्यांश | पूर्णाङ्क | पाठघण्टा |
|---|---|---|---|
| क | चार्वाक, बौद्ध र जैनदर्शनका प्रमुख दृष्टिकोण | २० | ३० |
| ख | वैशेषिक, मीमांसा र योगदर्शनका प्रमुख सिद्धान्त | २० | ३० |
| ग | न्यायदर्शन | २० | ३० |
| घ | सांख्यदर्शन | २० | ३० |
| ङ | वेदान्तदर्शन | २० | ३० |

## पाठ्यांशविवरण

**खण्ड क : चार्वाक, बौद्ध र जैनदर्शनका प्रमुख दृष्टिकोण पूर्णाङ्क २० पाठघण्टा ३०**

एकाइ १. चार्वाकदर्शनका तत्त्वसमीक्षा, पुरुषार्थविवेचन, वेदाप्रामाण्यविचार र देहात्मवाद
एकाइ २. बौद्धदर्शनका सम्प्रदायभेद, भावनाचतुष्टय, पञ्चविधस्कन्ध र अष्टमार्ग
एकाइ ३. जैनदर्शनका पञ्चज्ञान, पञ्चव्रत, जीव र अजीव तत्व, बन्धमोक्षवाद, अनेकान्तवाद

**खण्ड ख : वैशेषिक, मीमांसा र योगदर्शनका प्रमुख सिद्धान्त** **पूर्णाङ्क २० पाठघण्टा ३०**

एकाइ १. वैशेषिक दर्शनका षड्पदार्थ, अपेक्षाबुद्धि, पीलुपाकवाद र पिठरपाकवाद

एकाइ २. मीमांसादर्शनको धर्मजिज्ञासा, धर्मलक्षण, धर्मप्रमाण, वेदापौरुषेयत्व, स्वतःप्रामाण्यवाद, अभिहितान्वयवाद, अन्विताभिधानवाद र अर्थनिर्णयप्रक्रिया ।

एकाइ ३. योगदर्शनअन्तर्गत योगलक्षण, पञ्चवृत्ति र तिनको निरोध, समाधि, क्लेश-पञ्चक तथा कर्मभेद ।

**खण्ड ग : न्यायदर्शन** **पूर्णाङ्क २० पाठघण्टा ३०**

तर्कामृतम् (सम्पूर्ण) को विषयवस्तु र पंक्तिहरूको व्याख्या

**खण्ड घ : सांख्यदर्शन** **पूर्णाङ्क २० पाठघण्टा ३०**

सांख्यकारिका (सम्पूर्ण) को विषयवस्तु र कारिकाहरूको व्याख्या

**खण्ड ङ : वेदान्तदर्शन** **पूर्णाङ्क २० पाठघण्टा ३०**

वेदान्तसार (सम्पूर्ण)को विषयवस्तु र पंक्तिहरूको व्याख्या

## शिक्षणविवरण

१. चार्वाक, बौद्ध र जैनदर्शनसम्बन्धी निर्धारित शीर्षकहरूको सर्वदर्शनसंग्रहका आधारमा परिचयात्मक अध्ययन
२. वैशेषिक, मीमांसा र योगदर्शनसम्बन्धी निर्धारित शीर्षकहरूको सर्वदर्शनसंग्रहका आधारमा परिचयात्मक अध्ययन
३. तर्कामृतम् का पंक्तिहरूका आधारमा न्यायदर्शनका प्रमुख सिद्धान्तहरूको परिचय एवं पंक्तिहरूको व्याख्या
४. सांख्यकारिकाका आधारमा सांख्यदर्शनका प्रमुख दृष्टिकोणहरूको परिचय तथा सांख्यकारिकाका कारिकाहरूको व्याख्या
५. वेदान्तसारका आधारमा वेदान्तदर्शनका मुख्य मान्यताहरूको परिचय तथा वेदान्तसारका पंक्तिहरूको व्याख्या ।

## पाठ्यपुस्तक

१. सायण, माधवाचार्य, सर्वदर्शनसंग्रह, (निर्धारित शीर्षकहरूको परिचयात्मक ज्ञान मात्र), चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी, १९९७ ई.
२. भट्टाचार्य, जगदीश, तर्कामृतम् (सम्पूर्ण), चौखम्बा संस्कृत सीरीज, वाराणसी
३. ईश्वरकृष्ण, सांख्यकारिका (सम्पूर्ण), " " " "
४. सदानन्द, वेदान्तसार (सम्पूर्ण), " " " "

## सन्दर्भपुस्तक

१. सायण, माधवाचार्य, सर्वदर्शनसंग्रह (निर्धारित अंशमात्र), चौखम्बा सं.सी. वाराणसी
२. भास्कर लौगाक्षि, अर्थसंग्रह, चौखम्बा सं.सी. वाराणसी
३. भास्कर लौगाक्षि, मानमेयोदय " " "

# धर्मशास्त्र एवं नीतिशास्त्र

Sans. 539-3

Paper IX
Full Marks 100
Teaching Hours 150

## पाठ्यांशको उद्देश्य

१. प्राचीन सामाजिक आचारविचार तथा सांस्कृतिक, धार्मिक एवं नैतिक मान्यताको परिचय,

२. धर्म, आचार, संस्कार, नीति र कर्तव्याकर्तव्यको बोध र तदनुसार आचरण गर्ने प्रवृत्तिको विकास,

३. सामाजिक कुरीति, दुराचार, दुर्व्यसन आदि दोषको त्याग र आदर्श सद्‌गुणी, सच्चरित्र नागरिक बन्न अभिप्रेरणा,

४. प्राचीन देशहरूका सीमा, पहिचान र वैशिष्टचको परिचय,

५. स्मृतिहरूको पारस्परिक तुलनात्मक विवेचना गर्ने क्षमताको विकास,

६. स्मृतिग्रन्थहरूमा प्रतिपादित आचारविचार, संस्कार एवं धार्मिक परम्पराले नेपाली समाजमा पारेका प्रभावको परिचय,

७. समाजबाट दुर्भावना, नैराश्य, आलस्य आदि दोष हटाई कर्मठ, उत्साही र कुशल प्रशासन बन्ने प्रेरणा,

८. कर्तव्य प्रति निष्ठा, न्यायप्रियता, उद्यम र विवेकशीलताको अभिवृद्धि,

९. लोकव्यवहार, सदाचार र सामाजिक नीतिको ज्ञानका साथै परोपकार र अहिंसाको मार्गमा प्रवृत्ति,

१०. सुखदुःखमा विचलित न भै स्वकर्तव्यमा लागिरहने विश्वास र प्रेरणा जगाउनु ।

## पाठ्यांशविभाजन

| खण्ड | पाठ्यांश | पूर्णाङ्क | पाठघण्टा |
|---|---|---|---|
| क | धर्मशास्त्र | ६० | ९० |
| ख | नीतिशास्त्र | ४० | ६० |

## पाठ्यांशविवरण

खण्ड क : धर्मशास्त्र — पूर्णाङ्क ६० पाठघण्टा ९०

| | | |
|---|---|---|
| एकाइ १. मनुस्मृति तृतीय र चतुर्थ अध्याय मात्र | पूर्णाङ्क ३० | पा.घ. ४५ |
| एकाइ २. याज्ञवल्क्यस्मृति आचाराध्याय मात्र | पूर्णाङ्क ३० | पा.घ. ४५ |

खण्ड ख : नीतिशास्त्र — पूर्णाङ्क ४० पाठघण्टा ६०

एकाइ १. शुक्रनीति तृतीय अध्याय मात्र
एकाइ २. विदुरनीति पञ्चम र षष्ठ अध्याय मात्र
एकाइ ३. चाणक्यनीति (सम्पूर्ण)

## शिक्षण विवरण

१. मनुस्मृतिको विशेषता एवं समयनिर्धारण, अन्य स्मृतिहरूमा मनुस्मृतिको प्रभाव, ब्रह्मचर्यविधि, असपिण्ड विवाह, सवर्ण विवाह, विवाहका प्रकार, वरलक्षण, कन्यालक्षण, कन्याविक्रयदोष, पञ्चयज्ञ, अतिथिलक्षण, कुतुपलक्षण, गजच्छायायोग, आतुरस्नाननिषेध, परताडनादि निषेध, कर्त्तव्याकर्त्तव्यकर्म, सदाचारलाभ, दुराचारहानि आदि विषयहरूको विवेचनका साथै मनुस्मृतिको तृतीय र चतुर्थ अध्यायगत श्लोकहरूको व्याख्या, अनुवाद एवं समालोचना ।

२. याज्ञवल्क्यस्मृतिको महत्व, कालनिर्धारण, अन्य नीतिस्मृतिग्रन्थहरूसित तुलना र प्रभावको समीक्षा, तात्कालिक समाजमा याज्ञवल्क्यस्मृतिको मूल्य र मान्यता, महर्षि याज्ञवल्क्यको दर्शनिक परिचय, याज्ञवल्क्यस्मृतिमा वर्णित उपोद्घात, ब्रह्मचारी, विवाह, वर्णजाति, गृहस्थधर्म, दान, श्राद्ध, गणपतिकल्प, ग्रहशान्ति आदिको बोध र याज्ञवल्क्यस्मृतिको राजधर्म प्रकरणान्तर्गत श्लोकहरूको व्याख्या, अनुवाद एवं धर्मशास्त्रीय विवेचन ।

३. शुक्रनीतिको महत्त्व, कालनिर्धारण, अन्य नीतिस्मृतिग्रन्थहरूसित तुलना, विहिताचरण, दशविध पाप, इन्द्रियनिग्रह, आततायीका लक्षण, त्याज्य दोषहरू, मित्र प्राप्तिका उपाय, प्रत्युत्पन्नमतिको लक्षण, स्त्रीलक्षण, धनविभाजन, दान, कर्तव्यकर्मवर्णन आदिका साथै शुक्रनीतिको निर्धारित अध्यायका श्लोकहरूको व्याख्या, अनुवाद, भावार्थ एवं विवेचना ।

४. विदुरनीतिको वैशिष्टच र समयनिर्धारण, नरकभय, अल्पायुत्वकारण, स्नानगुण, वानप्रस्थसमय, सिद्धिप्राप्तिसाधन, युद्धदुष्परिणाम, धर्माचरणफल, राज्यलक्ष्मीको अधिकारी, मानवीय पञ्चविध व्यवहार, बुद्धिप्रबलता, माननीयको सत्कार, अतिथिसेवा,

संन्यासी र वानप्रस्थीका लक्षण, स्त्रीसंरक्षणको आवश्यकता, विद्वान् पुरुषको श्रेष्ठता आदि विषयको विवेचनाका साथै निर्धारित अध्यायका श्लोकहरूको व्याख्या, अनुवाद, भावार्थ र समीक्षा ।

५. चाणक्यको परिचय र कालनिर्धारण, राजनीतिक कुशलता, मृत्युका कारण, आत्मरक्षाको आवश्यकता, वासस्थाननिरूपण, वर्जनीय मित्र, अतिगर्वको दुष्परिणाम, जराको लक्षण, सत्यको फल, वस्तुशुद्धिका उपाय, लोकमा वर्णन नगरिने कर्म, नरकवासीको लक्षण, व्रतादिमा भक्षणयोग्य वस्तु, छात्रद्वारा त्याज्य अष्टविध वस्तुवर्णन, विप्र, द्विज, वैश्य, शूद्रादिका लक्षण, पशुसदृश मनुष्यको लक्षण आदिको विवेचनका साथै चाणक्यनीतिका श्लोकहरूको व्याख्या, अनुवाद, भावार्थ र विवेचना ।

## पाठ्यपुस्तक

१. मनु, मनुस्मृति (निर्धारित अंश मात्र), चौखम्बा संस्कृत सीरीज, वाराणसी
२. याज्ञवल्क्य, याज्ञवल्क्यस्मृति (निर्धारित अंश मात्र), चौखम्बा संस्कृत सीरीज, वाराणसी
३. शुक्र, शुक्रनीति (निर्धारित अंश मात्र), चौखम्बा संस्कृत सीरीज, वाराणसी
४. विदुर, विदुरनीति (निर्धारित अंश मात्र), चौखम्बा संस्कृत सीरीज, वाराणसी
५. चाणक्य, चाणक्यनीति (सम्पूर्ण), चौखम्बा संस्कृत सीरीज, वाराणसी

## सन्दर्भपुस्तक


१. त्रिपाठी, हरिहरनाथ, प्राचीन भारत में अपराध और दण्ड, चौखम्बा विद्याभवन, वाराणसी
२. पाण्डे, राजबली, हिन्दू संस्कार, चौखम्बा सं. वि. भवन, वाराणसी
३. दयानन्द, स्वामी, आचारचन्द्रिका, ,, ,, ,, ,,
४. काणे, पी. वी., धर्मशास्त्र का इतिहास, मोतीलाल बनारसीदास, दिल्ली, १९८७ ई.
५. यादव, अच्छेलाल, प्राचीन हिन्दू विधि, ,, ,, ,,
६. पाण्डेय, डा. राजबली, हिन्दू धर्मकोश, उत्तरप्रदेश हिन्दी संस्थान, लखनऊ १९८८ ई.


●

# साहित्यशास्त्र

Sans. 539-4

Paper IX
Full Marks 100
Teaching Hours 150

## पाठ्यांशको उद्देश्य

१. साहित्यशास्त्रको परम्परा, त्यसका प्रमुख आचार्य र तिनका प्रमुख कृतिहरूको परिचय प्रदान गर्नु,

२. साहित्यशास्त्रका प्रमुख शास्त्रीय अवधारणाहरू र सिद्धान्तहरूको ज्ञान गराउनु,

३. साहित्यशास्त्रको प्रमुख सिद्धान्तहरूको सूक्ष्म वैशिष्टचको जानकारी दिनु,

४. काव्यको वर्गीकरणसम्बन्धी मूल दृष्टिकोण र तिनका भेदोपभेदहरूको परिचय गराउनु,

५. साहित्यशास्त्रको सैद्धान्तिक र विधागत ज्ञानको अभिवृद्धिबाट प्रतिभा र व्युत्पादन-क्षमताको विकास गराउनु,

६. साहित्यशास्त्रीय मान्यता र विधाका आधारमा साहित्यिक कृतिहरूको विवेचन, विश्लेषण र मूल्याङ्कन गर्न सक्षम तुल्याउनु ।

## पाठ्यांशविवरण

एकाइ १. साहित्यशास्त्रको उत्पत्ति र विकास
एकाइ २. काव्यको परिभाषा, प्रयोजन र हेतु
एकाइ ३. काव्यका प्रमुख तत्वहरू
एकाइ ४. साहित्यशास्त्रका प्रमुख सिद्धान्तहरू
एकाइ ५. साहित्यका विधा

## शिक्षणविवरण

### एकाइ १ : साहित्यशास्त्रको उत्पत्ति र विकास — पा.घ. २५

क. वैदिक साहित्यदेखि भरतमुनिअघिको संस्कृत वाङ्मयमा पाइने साहित्यशास्त्रसम्बन्धी साङ्केतिक चिन्तनहरूको सर्वेक्षण

ख. साहित्यशास्त्रमा आचार्य भरतको योगदान

ग. भामह, दण्डी, वामन तथा अन्य अलङ्कारवादी आचार्यहरूको योगदानको परिचय

घ. आनन्दवर्धन, अभिनवगुप्त, मम्मट, विश्वनाथ, जगन्नाथ आदि ध्वनिवादी र रसवादी आचार्यहरूको योगदानको परिचय ।

ङ. साहित्यशास्त्रमा उल्लेखनीय योगदान गर्ने अन्य आचार्यहरू र तिनको योगदानको जानकारी ।

### एकाइ २ : काव्यको परिभाषा, प्रयोजन र हेतु पा.घ. १०

काव्यको परिभाषा, प्रयोजन र हेतुका सम्बन्धमा भरतमुनिदेखि आचार्य जगन्नाथसम्मका प्रमुख आचार्यहरूका मतको विवेचनात्मक परिचय ।

### एकाइ ३ : काव्यका प्रमुख तत्त्वहरू पा.घ. २५

क. अभिधा, लक्षणा र व्यञ्जनाको स्वरूप र भेदोपभेदको सोदाहरण समीक्षात्मक परिचय ।

ख. काव्यदोषको स्वरूप र वर्गीकरण तथा प्रमुख दोषहरूको सोदाहरण परिचय

ग. काव्यगुणको परिचय र भेदहरूको सोदाहरण परिचय

### एकाइ ४ : साहित्यशास्त्रका प्रमुख सिद्धान्तहरू पा.घ. ७५

क. अलङ्कारवाद, रीतिवाद, वक्रोक्तिवाद, औचित्यवाद, रसवाद र ध्वनिवादको पृष्ठभूमि, परिचय, सैद्धान्तिक परम्परा र प्रभावको मूल्याङ्कन ।

ख. अलङ्कारको स्वरूप र भेदका साथै प्रमुख अलङ्कारहरूको सोदाहरण ज्ञान ।

ग. रीतिको पृष्ठभूमि, स्वरूप र भेद तथा रीति र गुणको सम्बन्धको परिचय ।

घ. वक्रोक्तिको स्वरूपको ज्ञानका साथै वक्रोक्ति र अभिव्यञ्जनाको तुलनात्मक ज्ञान ।

ङ. रसको स्वरूप, रससूत्रको व्याख्या, रसनिष्पत्तिसम्बन्धी प्रमुख वादहरूको समीक्षा, रस निष्पत्तिमा साधारणीकरणको भूमिकाको ज्ञान, नवरसको सोदाहरण परिचय ।

च. ध्वनिको अर्थ, ध्वनि र स्फोट, ध्वनि र रस, ध्वनिका आधारमा काव्यका भेद ।

छ. साहित्यशास्त्रका विभिन्न वादहरूको तात्कालिक साहित्यमा परेको प्रभावको समीक्षा ।

### एकाइ ५ : साहित्यका विधा पा.घ. १५

क. काव्यको वर्गीकरणसम्बन्धी प्रमुख आचार्यहरूका मतको समीक्षा ।

ख. श्रव्यकाव्य (गद्य, पद्य, चम्पू)को स्वरूपको विवेचन । विभिन्न आचार्यहरूको मतका आधारमा महाकाव्य, खण्डकाव्य, मुक्तक, कथा, आख्यायिका, चम्पू आदि काव्यका रूपहरूको स्वरूप र परिभाषा ।

ग. दृश्यकाव्य (दश रूपकरदश उपरूपक आदि प्रमुख नाटचरूपहरू)को स्वरूप विवेचन ( नाटचशास्त्र, दशरूपक, नाटचदर्पण र साहित्यदर्पणका आधारमा) ।

## सन्दर्भपुस्तक

१. काणे, पी.वी., संस्कृत काव्यशास्त्र का इतिहास, चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी

२. नगेन्द्र, डा., भारतीय काव्यशास्त्र की भूमिका, नेशनल पब्लिशिङ्ग हाउस, दिल्ली

३. व्यास, भोलाशंकर, भारतीय काव्यशास्त्र और काव्यालङ्कार, चौखम्बा संस्कृत प्रतिष्ठान, जवाहरनगर, दिल्ली, १९९२ ई.

४. कुमार, सुशील, संस्कृत काव्यशास्त्र का इतिहास, चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली १९९२ ई.

५. मिश्र, जयमन्त, काव्यात्ममीमांसा, चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, १९९२ ई.

६. शर्मा, सोमनाथ, साहित्यप्रदीप, साझा प्रकाशन, ललितपुर ।

७. उपाध्याय, केशवप्रसाद, पूर्वीय साहित्य सिद्धान्त, साझा प्रकाशन, ललितपुर ।

८. अधिकारी, हेमाङ्गराज, पूर्वीय समालोचना सिद्धान्त, साझा प्रकाशन, ललितपुर ।

९. आचार्य भरत, नाटचशास्त्रम्, चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी, १९९७ ई.

१०. आचार्य भामह, काव्यालङ्कार, " " " "

११. आचार्य कुन्तक, वक्रोक्तिजीवितम्, " " "

१२. आचार्य वामन, काव्यालङ्कारसूत्रम् " " "

१३. आचार्य आनन्दवर्धन, ध्वन्यालोक, ज्ञानमण्डल लिमिटेड, वाराणसी, २०२८ वि.

१४. क्षेमेन्द्र, औचित्यविचारचर्चा, चौखम्बा सं सी. वाराणसी, १९९७ ई.

१५. आचार्य मम्मट, काव्यप्रकाश, चौखम्बा विद्याभवन, वाराणसी ई. १९९२ ई

१६. आचार्य विश्वनाथ, साहित्यदर्पण, " " " "

१७. पं जगन्नाथ, रसगङ्गाधर, " " " "

१८, भट्टराई गोविन्द, (अनु.) भरतको नाटचशास्त्र, ने. रा. प्र. प्र, काठमाडौं

१९. नगेन्द्र, डा., रससिद्धान्त, नेशनल पब्लिशिङ हाउस, दिल्ली

२०. नगेन्द्र, डा., भारतीय काव्य सिद्धान्त, नेशनल पब्लिशिङ हाउस, दिल्ली

२१. हीरा, डा. राजवंश सहाय, भारतीय आलोचना शास्त्र, बिहार हिन्दी अकादमी, पटना

# संस्कृत साहित्यको इतिहास र संस्कृत निबन्ध

Sans. 540-1

Paper X
Full Marks 100
Teaching Hours 150

## पाठ्यांशको उद्देश्य

१. वैदिक साहित्य (ऋग्वेद)देखि वर्तमानसम्मको संस्कृत वाङ्मयको ऐतिहासिक परिचयका साथै विवेचनात्मक अध्ययन गराउनु,

२. लिच्छविकालदेखि वर्तमानसम्म उपलब्ध संस्कृत अभिलेखलगायत नेपालमा रचित संस्कृत काव्य साहित्यको परिचयात्मक ज्ञान प्रदान गर्नु,

३. निबन्धको प्रकारको ज्ञानका साथै संस्कृत भाषामा निबन्ध लेखनमा दक्ष बनाउनु ।

## पाठ्यांशविभाजन

| खण्ड | पाठ्यांश | पूर्णाङ्क | पाठघण्टा |
|---|---|---|---|
| क. | संस्कृत साहित्यको इतिहास | ७० | १०५ |
| ख. | संस्कृत भाषामा निबन्ध लेखन | ३० | ४५ |

## पाठ्यांशविवरण

खण्ड क : संस्कृत साहित्यको इतिहास पूर्णाङ्क ७० पा.घ. १०५

एकाइ १. वैदिक साहित्यको इतिहास
एकाइ २. पौराणिक साहित्य र आर्षकाव्य
एकाइ ३. लौकिक काव्य साहित्य
एकाइ ४. नाटच, गद्यकाव्य एवं कथा साहित्य
एकाइ ५. काव्यशास्त्रको इतिहास
एकाइ ६. काव्येतर संस्कृत साहित्यको परिचय
एकाइ ७. नेपालमा रचित संस्कृत साहित्य र साहित्यकारहरू

खण्ड ख : संस्कृत भाषामा निबन्ध लेखन पूर्णाङ्क ३० पा.घ. ४५

एकाइ १. निबन्धको परिचय र प्रकार
एकाइ २. संस्कृत भाषामा निबन्ध लेखनको अभ्यास

## शिक्षणविवरण

१. वेद, ब्राह्मण, आरण्यक र उपनिषद्को ऐतिहासिक वैशिष्टच सहित तिनको स्वरूप, तिनमा रहेको विषयवस्तु, शैली र वैशिष्टचको अध्ययन ।

२. रामायण एवं महाभारतको समय, रचयिता, विषयवस्तु, काव्यात्मकता, शैली, महत्व र तिनमा प्राप्त आदर्श र नैतिक चेतनाको अध्ययन ।

३. पुराणहरूको समय, रचयिता, वर्ण्यविषय, शैली, सामाजिक महत्व र पुराणहरूले प्रदान गर्ने नैतिक एवं सामाजिक सन्देशको ज्ञान ।

४. संस्कृतका प्रमुख महाकाव्य, खण्डकाव्य र मुक्तककाव्यको विकासका चरण, तिनको रचना गर्ने साहित्यकारहरूको शैली र योगदानको परिचयका साथै प्रमुख काव्यग्रन्थहरूको वैशिष्टचको अध्ययन ।

५. संस्कृत नाटक र नाटच साहित्यको आरम्भ र विकासको परिचय, प्रमुख नाटचकृति र रचनाकारहरूको परिचय ।

६. संस्कृतमा गद्यकाव्य, चम्पू र उपदेशात्मक कथासाहित्यको स्वरूप, विकास, महत्व र प्रभावको बोध ।

७. संस्कृतमा काव्यशास्त्रीय चिन्तनको उद्भव र विकास सम्बन्धी ज्ञान तथा प्रमुख काव्यशास्त्रीय सम्प्रदायहरूको परिचयात्मक अध्ययन ।

८. काव्येतर संस्कृत साहित्य (नीति, स्मृति, आयुर्वेद, ज्योतिष आदि) को परिचयात्मक अध्ययन ।

९. नेपालमा रचित काव्यग्रन्थहरू, काव्यात्मक महत्वका अभिलेखहरू, नाटचकृतिहरू लगायत नेपालमा रचित संस्कृत भाषाका रचनाहरूको परिचय र महत्वको अध्ययन ।

१०. निबन्धको परिचय, स्वरूप, प्रकार आदि निबन्धको सैद्धान्तिक पक्षको अध्ययन ।

११. संस्कृत भाषामा क्रमशः सरलबाट साहित्यिकतातर्फ उन्मुख हुने गरी निबन्ध लेखनको अभ्यास ।

## सन्दर्भपुस्तक


१. शास्त्री, रमाकान्त, वैदिक वाङ्मयका इतिहास, चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, १९९२ ई.

२. कर्णसिंह, डा., वैदिक साहित्य का इतिहास, साहित्य भण्डार, मेरठ

३. सुवेदी, हंसपुरे, संस्कृत वाङ्मय : संक्षिप्त अध्ययन, पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय, मचली, टेकु, काठमाडौं, २०३७ वि.

४. गौतम, डा. नारायणप्रसाद, केही वैदिक सूक्तहरूको विश्लेषण, रत्न पुस्तक भण्डार, काठमाडौं, २०६५ ई.
५. गैरोला, वाचस्पति, संस्कृत साहित्य का इतिहास, चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली १९९२ ई.
६. उपाध्याय, बलदेव, संस्कृत साहित्यका इतिहास, शारदा निकेतन, वाराणसी
७. मैकडानल, संस्कृत साहित्यका इतिहास और विकास, चौखम्बा सं. प्रतिष्ठान, दिल्ली, १९९२ ई.
८. भट्टराई, घटराज, संस्कृतका अमर साहित्यकार, काठमाडौं ।
९. आचार्य, शिवराज, कतिपयनैपालसंस्कृतग्रन्थकारपरिचयः, स्वाध्यायशाला, लाजिमपाट, काठमाडौं, २०४८ वि.
१०. जोशी, हरिराम, नेपालका प्राचीन अभिलेख, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।
११. बज्राचार्य, धनवज्र, लिच्छविकालका अभिलेख, नेपाल तथा एसियाली अध्ययन केन्द्र, त्रि. वि., कीर्तिपुर
१२. बज्राचार्य, धनवज्र, शाहकालका अभिलेख, नेपाल तथा एसियाली अध्ययन केन्द्र, त्रि. वि. कीर्तिपुर
१३. रेग्मी, जगदीशचन्द्र, सात साहित्यिक तथा ऐतिहासिक अभिलेख, रत्न पुस्तक भण्डार, काठमाडौं ।
१४. योगी, नरहरिनाथ, शिखरिणीयात्रा, गोरक्षनाथ पीठ, मृगस्थली, काठमाडौं
१५. हंस, चक्रधर, अनुवाद चन्द्रिका, मोतीलाल बनारसीदास, दिल्ली, १९७२ ई.
१६. द्विवेदी, कपिलदेव, प्रौढ रचनानुवाद कौमुदी, विश्वविद्यालय प्रकाशन, वाराणसी
१७. शुक्ल, रमेशचन्द्र, प्रबन्धरत्नाकर, चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी, १९९७ ई.
१८. आप्टे, वामन शिवराम, संस्कृत चन्द्रिका, चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी, १९९७ ई.

●

# संस्कृत मौलिक कृतिलेखन

Sans. 540-2

Paper IX
Full Marks 100
Teaching Hours 150

## पाठ्यांशको उद्देश्य

१. मौलिक रचना लेख्ने प्रवृत्ति भएका सिकारु नयाँ लेखकहरूलाई कृतिरचनाशिल्पको विकासतर्फ प्रोत्साहित गर्नु,
२. नवीन साहित्यिक कृतिद्वारा साहित्यिक क्षेत्र र समाजलाई लाभान्वित तुल्याउनु,
३. संस्कृतमा सृजनात्मक प्रतिभाको विकास गर्नु,
४. संस्कृत भाषामा कृति लेख्ने प्राच्य परम्परालाई कायम राख्नु,
५. आधुनिक अभिनव विषयमा पनि संस्कृत कृति लेख्न सकिने निदर्शन प्रस्तुत गर्नु ।

## पाठ्यांशविभाजन

संस्कृत मौलिक कृतिलेखनअन्तर्गत निम्नलिखितमध्ये कुनै एउटा विधाको छनोट गर्न सकिने छ :

| सङ्केत | विधा |
|---|---|
| Sans. 540-2A | खण्डकाव्य (कम्तीमा १५० पद्य) |
| Sans. 540-2B | कवितासङ्ग्रह (कम्तीमा २० कविता) |
| Sans. 540-2C | निबन्धसङ्ग्रह (कम्तीमा १५ निबन्ध) |
| Sans. 540-2D | उपन्यास (कम्तीमा१५० पृष्ठ) |
| Sans. 540-2E | कथासङ्ग्रह (कम्तीमा २० कथा) |
| Sans. 540-2F | नाटचकृति (कम्तीमा १०० पृष्ठ) |

## पाठ्यांशविवरण

एकाइ १. विधागत सैद्धान्तिक परिचय तथा ऐतिहासिक अध्ययन
एकाइ २. निर्देशनीय समीक्षा
एकाइ ३. विषयको शीर्षक चयन र लिखित प्रस्ताव
एकाइ ४. विधागत प्रणाली र लेख्य कृतिका निमित्त आधारभूत आवश्यक ग्रन्थहरूको अध्ययन
एकाइ ५. कृतिलेखन : प्रारम्भिक रूपरेखा, अन्तिम लेखन, प्रस्तुतीकरण ।

## शिक्षणविवरण

**क. लेख्य कृतिसँग सम्बद्ध विधागत सैद्धान्तिक परिचय प्रस्तुत गर्ने सन्दर्भमा :**

१. संस्कृत साहित्यशास्त्रका प्रमुख मनीषीहरू र प्रमुख पाश्चात्य विद्वान्‌हरका परिभाषाहरूको अध्ययन र विवेचना

२. संस्कृत साहित्यको इतिहासमा त्यस विधाको उदय, विकासक्रम, वैविध्य, प्रवृत्ति र अन्तिम स्थितिको अध्ययन

३. सम्बद्ध विधाका प्रमुख लेखकहरूका प्रवृत्तिगत विशेषताको परिचय

**ख. सम्बद्ध विधाको समालोचनात्मक स्थितिलाई आत्मसात् गर्ने सन्दर्भमा :**

१. त्यस विधाका प्रमुख समीक्षकहरूका समीक्षणको सामान्य परिचय

२. निदर्शनीय समीक्षा (नमुना समालोचना)को रूपमा कुनै एउटा विधागत कृतिको समीक्षा

**ग. विषयशीर्षक चयन र लिखित प्रस्तावका सन्दर्भमा :**

१. लेख्य कृतिका निमित्त विधागत विषयक्षेत्र र खास लेख्यपक्ष (शीर्षक)को चयन,

२. चयन गरिएका शीर्षकसँग सम्बद्ध सामग्रीको सङ्कलन, लिखित प्रस्तावको प्रस्तुतीकरण आदि ।

**घ. निर्धारित विषयशीर्षकअन्तर्गत कृतिलेखनप्रक्रियाका सन्दर्भमा :**

१. कृति निर्देशक (आवश्यकताअनुसार अन्य विशिष्ट विद्वान्‌हरू समेत)को परामर्शमा सम्बद्ध कृतिलेखनप्रणाली, अभिव्यक्तिका प्रकार, भाषिक परिमार्जन आदिका निम्ति आधारभूत ग्रन्थहरू (साहित्यशास्त्रीय ग्रन्थ, कोशहरू र व्याकरणसम्बद्ध ग्रन्थहरू आदि)को अपेक्षित अध्ययन र तथ्यग्रहणसहित कृतिलेखन ।

**ङ. लेख्य कृतिलाई अन्तिम रूप दिने सन्दर्भमा :**

१. प्रारम्भिक लेखनरप्रारूप तयारी

२. निर्देशकको परामर्श, निर्देशन र तदनुसार आवश्यक संशोधनपछि परिष्कार र परिमार्जनसहित पुनर्लेखन, कृतिको अन्तिम रूप

३. टङ्कण-संशोधनपछि विस्तृत भूमिकाको रूपमा पूर्वभागमा विधागत परिचय र निदर्शनसमीक्षा तथा उत्तरभागमा स्वरचित मौलिक कृति समावेश गरी तयार पारिएको आबद्ध ग्रन्थाकार पुस्तकको प्रस्तुतीकरण ।

## ज्ञातव्य

१. कृतिलेखनतर्फ पूर्वअभिरुचि र प्रतिभा भएका नियमित विद्यार्थीलाई मात्र कृतिलेखन दिइनेछ ।

२. पूर्वप्रकाशित मौलिक रचना र तात्कालिक जाँचका आधारमा अभिरुचि र प्रतिभाको परीक्षण गरिनेछ ।

३. कृतिलेखन कार्य तोकिएका शिक्षकको निर्देशनमा गर्नुपर्नेछ ।

४. कृति संस्कृत भाषामा लेख्नुपर्नेछ र टङ्कण गरी गाताबन्दी गरिएको चार प्रति संस्कृत केन्द्रीय विभागमा बुझाउनुपर्नेछ ।

५. कृति मूल्याङ्कनपछि मौखिक परीक्षा पनि लिइनेछ ।

## सन्दर्भपुस्तक


१. अमरसिंह, <u>अमरकोश</u>, चौखम्बा संस्कृत सीरीज, वाराणसी, १९९७ ई.

२. गौतम, कुलचन्द्र (व्या.) <u>अमरकोश परिशेष</u>, कुलचन्द्र गौतम प्रतिष्ठान, काठमाडौं

३. गौतम, कुलचन्द्र, <u>संस्कृत नेपाली शब्दकोश</u>, महेन्द्र संस्कृत वि.वि., दाङ ।

४. कालिदास, <u>श्रुतबोध</u>, चौखम्बा सं. सी., वाराणसी

५. गङ्गादास, <u>छन्दोमञ्जरी</u>, चौखम्बा सं.सी., वाराणसी

६. महापात्र, विश्वनाथ, <u>साहित्यदर्पण</u>, मोतीलाल बनारसीदास, दिल्ली

७. मम्मट, <u>काव्यप्रकाश</u>, चौखम्बा विद्याभवन, वाराणसी

८. धनञ्जय, <u>दशरूपकम्</u>, चौखम्बा सं. सी., वाराणसी

९. आचार्य भरत, <u>नाटचशास्त्रम्</u>, चौखम्बा सं सी. वाराणसी

१०. आप्टे, वी.शिवराम, संस्कृत हिन्दी कोश, मोतीलाल बनारसीदास, दिल्ली


●

# अनुवादलेखन

Sans. 540-3

Paper X
Full Marks 100
Teaching Hours 150

## पाठ्यांशको उद्देश्य

१. बहुभाषाविज्ञ विद्यार्थीलाई भाषान्तरको कृति संस्कृतमा अनुवाद गर्न प्रोत्साहित गर्नु,
२. संस्कृत भाषाको क्षेत्रलाई व्यापक तुल्याउनु,
३. सम्बद्ध भाषाका अनभिज्ञ संस्कृत भाषाका विज्ञ राष्ट्रिय तथा अन्ताराष्ट्रिय जिज्ञासु भावुक व्यक्तिहरूलाई त्यस भाषाका साहित्यको रसास्वादन प्राप्त गराउनु, त्यस भाषाको साहित्यिक विकाससँग परिचित गराउनु तथा कृतिका विषयवस्तुगत प्रकृतिका आधारमा सम्बद्ध भाषाभाषीहरूका सामाजिक अवस्था, सांस्कृतिक मान्यता, परिपाटी आदिको परिचय कलात्मक ढंगले (साहित्यिक शैलीमा) प्राप्त गराउनु,
४. हिन्दी, नेपाली जस्ता बोलचालका भाषामा मौलाउँदै गएको वर्तमान नवीनतम साहित्यिक प्रवृत्तिलाई संस्कृत भाषाको विराट् उत्सङ्गसँग सम्बन्धित गराएर संस्कृतलाई पनि त्यस्तै अत्याधुनिक नवीनतम प्रवृत्तितर्फ उन्मुख गराउनु ।

## पाठ्यांशविवरण

एकाइ १. कृतिचयन र लिखित प्रस्ताव
एकाइ २. विधागत परिचय र ऐतिहासिक अध्ययन
एकाइ ३. निदर्शनात्मक समीक्षा
एकाइ ४. अनुवादकला र ज्ञानका लागि आवश्यक ग्रन्थहरूको अध्ययन
एकाइ ५. अनुवाद लेखन : प्रारम्भिक लेखन, संशोधन, अन्तिम लेखन, टङ्कण, गाताबन्दी र प्रस्तुतीकरण ।

## शिक्षणविवरण

### क. कृतिको निर्धारण र प्रस्तावका सन्दर्भमा :

१. अनूद्यमान कृति कुन भाषामा छ, त्यसको क्षेत्र निर्धारण र हालसम्म संस्कृतमा त्यसको अनुवाद भैनसकेको सत्यापन
२. अनुवाद प्रस्ताव : प्रस्तावित कृतिको अनुवाद गर्नाको औचित्य, पूर्वकार्य समीक्षा ( प्रस्तावित कृतिको अनुवाद संस्कृतेतर भाषामा भएको भए सोको जानकारी आदि), समस्याकथन, अनुवाद प्रस्तावको प्रस्तुति ।

ख. विधागत परिचय र ऐतिहासिक अध्ययन गर्ने सम्बन्धमा :

१. अनूद्यमान कृतिसित सम्बद्ध विधागत सैद्धन्तिक परिचय, परिभाषा, पौरस्त्य-पाश्चात्य मतभेदको विवेचना

२. अनूद्यमान कृति जुन भाषाको जुन विधाअन्तर्गत छ, त्यस भाषाको त्यस विधासँग सम्बद्ध ऐतिहासिक विवेचना, त्यस भाषाको साहित्यिक इतिहासमा त्यस विधाको उदय, विकासक्रम, विविधता, वर्तमान स्थितिको विवेचना र प्रमुख प्रतिभाको सामान्य परिचय ।

ग. समालोचनात्मक पक्षको अध्ययन गर्ने सन्दर्भमा :

१. अनूद्यमान कृतिका सम्बन्धमा समीक्षकहरूका धारणा, मन्तव्यहरूको प्रस्तुति, सबल-दुर्वल पक्षहरूको समीक्षा

२. निदर्शनीय समीक्षा (नमुना समालोचना)को रूपमा त्यस विधाको कुनै अर्को एउटा कृति (त्यसै भाषाको)को समीक्षा

घ. अनुवादलेखन प्रक्रियाका सन्दर्भमा :

१. अनुवादनिर्देशक (आवश्यकताअनुसार अन्य विशिष्ट विद्वान्हरू समेत)को परामर्शमा अनुवादकला र रुपान्तरण शैलीलाई सुदृढ पार्ने

२. कुनै अन्य भाषाको साहित्यिक कृतिलाई संस्कृतमा अनुवाद गरी रूपान्तरण गर्दा आवश्यक पर्ने शास्त्रीय सामग्री (साहित्य, व्याकरण, कोश आदि)को अपेक्षित अध्ययनबाट तथ्यग्रहण गरी अनुवाद कार्य सम्पन्न गर्ने

ङ. अनूदित कृतिको अन्तिम रूप तयार गर्ने सन्दर्भमा :

१. प्रारम्भिक लेखन : प्रारूप

२. अनुवादनिर्देशकको परामर्श, निर्देशन र तदनुसार आवश्यक संशोधनपछि परिष्कार र परिमार्जनसहित पुनर्लेखन, अनुवादकृतिको अन्तिम रूप

३. टङ्कण र संशोधनपछि विस्तृत भूमिकाको रूपमा पूर्वखण्डमा विधागत परिचय, ऐतिहासिक विवेचना र निदर्शनात्मक समीक्षा तथा उत्तरखण्डमा अनूदित कृति समावेश गरी तयार पारिएको आवरणबद्ध ग्रन्थको प्रस्तुतीकरण ।

## ज्ञातव्य

१. अनुवाद लेखनार्थ नेपाली, अंग्रेजी, नेवारी, मैथिली र हिन्दीमध्ये कुनै एक भाषामा रचित स्तरीय साहित्यिक कृति (खण्डकाव्य, गीतिकाव्य, उपन्यास, कवितासंग्रह, निबन्धसंग्रह, नाटक आदि) हुनुपर्नेछ ।
२. कृति अन्य भाषामा अनूदित भए पनि हालसम्म संस्कृतमा अनूदित नभएको हुनुपर्दछ ।
३. अनुवाद लेख्ने अभिरुचि र प्रवृत्ति भएका नियमित विद्यार्थीलाई मात्र अनुवाद कार्य गर्ने स्वीकृति दिइनेछ ।
४. अनुवाद लेख्ने अभिरुचि र प्रवृत्तिको परीक्षण पूर्वप्रकाशित अनुवादात्मक लेखररचना तथा तात्कालिक जाँचको आधारमा गरिनेछ ।
५. तोकिएको शिक्षकको निर्देशनमा अनुवाद सम्बन्धी कार्य सम्पन्न गर्नु पर्नेछ ।
६. अनुवाद संस्कृत भाषामा हुनुपर्नेछ ।
७. अनुवाद गद्यको गद्यमा र पद्यको पद्यमा नै हुनुपर्नेछ । तर शास्त्रीय छन्दमा रचित कृतिको अनुवाद शास्त्रीय छन्दमा नै गर्नुपर्दा समच्छन्दको बाध्यता रहने छैन, भिन्न छन्दमा पनि अनुवाद गर्न सकिने छ ।
८. शुद्ध, परिष्कृत संस्कृतमा अनूदित कृति टङ्कण र गाताबन्दी गरी चार प्रति संस्कृत केन्द्रीय विभागमा बुझाउनुपर्नेछ ।
९. अनूदित कृतिको मूल्याङ्कनपछि मौखिक परीक्षा पनि लिइनेछ ।

## सन्दर्भपुस्तक


१. हंस, चक्रधर नौटियाल, बृहद् अनुवाद चन्द्रिका, मोतीलाल बनारसीदास, दिल्ली
२. द्विवेदी, कपिलदेव, प्रौढ रचनानुवाद कौमुदी, विश्वविद्यालय प्रकाशन, वाराणसी
३. अमरसिंह, अमरकोश, चौखम्बा संस्कृत सी., वाराणसी
४. गौतम, कुलचन्द्र, अमरकोश परिशेष, यशोदा पुस्तकालय, वाराणसी
५. गौतम, कुलचन्द्र, संस्कृत नेपाली शब्दकोश, महेन्द्र संस्कृत विश्वविद्यालय, दाङ
६. झा, हरिमोहन, संस्कृत अनुवाद चन्द्रिका, पुस्तक भवन, लहोरियासराय, बिहार
७. गङ्गादास, छन्दोमञ्जरी, चौखम्बा सं.सी., वाराणसी
८. आरसु, डा., साहित्यानुवाद : संवाद और संवेदना, वाणी प्रकाशन, दिल्ली
९. बोरा, डा. राजमल, अनुवाद क्या है, वाणी प्रकाशन, दरियागंज, नई दिल्ली
१०. कुमार, डा. सुरेश, अनुवादसिद्धान्त की रूपरेखा, वाणी प्रकाशन, न. दिल्ली
११. पालीवाल, रीतारानी, अनुवाद प्रक्रिया एवं परिदृश्य, वाणी प्रकाशन, न.दिल्ली
१२. आप्टे, वी. शिवराम, संस्कृत हिन्दी कोश, मोतीलाल बनारसीदास, दिल्ली


●



Faculty of ... Social Sciences

# शोधपत्र

Sans. 540-4

Paper X
Full Marks 100
Teaching Hours 150

## पाठ्यांशको उद्देश्य

१. प्रायोगिक रूपमा शोधपत्र लेखनकार्यबाट प्राप्त विशिष्ट दक्षता र अनुभवका आधारमा उपाधिमूलक शोधकार्यको मार्ग सुगम बनाउनु,

२. संस्कृत वाङ्मयमा निहित विशाल ज्ञानागारबाट शोधकार्य गरी समाजलाई लाभान्वित तुल्याउने प्रवृत्ति र सामर्थ्यको विकास गराउनु,

३. सामाजिक र राष्ट्रिय जीवनका विभिन्न विषय वा समस्यामा अनुसन्धान गर्ने अभिरुचि र दक्षता हासिल गराउनु,

४. विशिष्ट संस्थाहरूद्वारा सञ्चालित विशेष अनुसन्धान परियोजनाहरूमा सहभागी बन्न सक्ने विशिष्ट प्रतिभाको विकास गराउनु ।

## पाठ्यांशविवरण

एकाइ १. शोधक्षेत्रको छनौट र प्रारम्भिक अध्ययनएकाइ २. अनुसन्धेय विषयशीर्षकको निर्धारण, प्रारम्भिक रूपरेखा तथा शोधप्रस्तावको प्रस्तुतीकरण

एकाइ ३. शोधकार्यका निमित्त सामग्रीहरूको सङ्कलन र अध्ययन

एकाइ ४. सङ्कलित सामग्रीहरूको विश्लेषण र शोधपत्रको विस्तृत रूपरेखा निर्माण

एकाइ ५. शोधपत्रको प्रारम्भिक रूप (मस्यौदा) तथा त्यसमा निर्देशकको सल्लाहअनुसार परिमार्जन पछि अन्तिम रूप,

एकाइ ६. शोधपत्रको टङ्कण, संशोधन, गाताबन्दी र प्रस्तुति ।

## शिक्षणविवरण

क. विषयचयन र प्रारम्भिक अध्ययनका सन्दर्भमा :

१. संस्कृत वाङ्मय वा अन्य कुनै वाङ्मयको भाषिक, साहित्यिक वा कुनै शास्त्रीय क्षेत्र वा सामाजिक वा राष्ट्रिय क्षेत्रबाट उपयुक्त विषयको चयन गर्ने

२. अनुसन्धेय विषयक्षेत्रको प्रारम्भिक अध्ययन र सामग्रीसङ्कलन गर्ने

ख. विषयनिर्धारण र शोधप्रस्तावका सन्दर्भमा :

१. संस्कृत केन्द्रीय विभागद्वारा निर्धारित विषयसूचीबाट अथवा आफैंले प्रस्ताव गरी विभागबाट स्वीकृति प्राप्त गरिएको कुनै शीर्षक लिने

२. प्रारम्भिक रूपरेखा र विवरणका आधारमा शोधप्रस्ताव तयार पार्ने । शोधप्रस्तावमा निम्नलिखित बुँदा अनिवार्य रूपमा राख्ने :

अ. सम्बद्ध शीर्षकमा शोधकार्य गर्नाको औचित्य,
आ. पूर्वकार्य समीक्षा : त्यस विषयमा पहिले नै भए गरिएका कार्यको विवरण,
इ. समस्याकथन र प्राक्कल्पना
ई. शोधकार्यको प्रारम्भिक रूपरेखा
उ. शोधकार्यमा अपनाइने विधिहरूको उल्लेख

३. शोधकार्य गर्न विभागबाट स्वीकृति प्राप्त भएअनुसार शोधपत्र तयार पार्ने

ग. शोधपत्र तयार पार्ने क्रममा सामग्रीसङ्कलन, अध्ययन, विश्लेषण, पुस्तकालयकार्य आदि सबै कार्य शोधनिर्देशकको परामर्शमा गर्ने

घ. शोधकार्यको विस्तृत रूपरेखा तयारीपछि सङ्कलित सामग्रीलाई प्रयोग गर्दै प्रारम्भिक लेखन गर्ने र निर्देशकको परामर्शअनुसार परिष्कार र परिमार्जन गरी अन्तिम रूप दिने

ङ. टङ्कण, संशोधन, मुद्रण, गाताबन्दी गरी विभागमा बुझाउने ।

## ज्ञातव्य

१. नियमित विद्यार्थीले विभागीय स्वीकृतिअनुसार निर्धारित विषयशीर्षकमा नाम दर्ता गराई तोकिएका शिक्षकको निर्देशनमा शोधकार्य गर्नुपर्नेछ ।

२. शोधपत्रको भाषा सामान्यतः संस्कृत हुनेछ अथवा संस्कृत वाङ्मयभित्रको विषयशीर्षक भए विभागीय स्वीकृतिअनुसार शोधपत्र नेपाली भाषामा तयार पार्न सकिनेछ, तर अन्य कुनै वाङ्मयको भाषिक, साहित्यिक वा कुनै शास्त्रीय क्षेत्र वा सामाजिक वा राष्ट्रिय क्षेत्रबाट शीर्षक चयन गरी शोधपत्र तयार पार्ने भए त्यस्तो शोधपत्र संस्कृत भाषामा नै लेख्नुपर्नेछ ।

३. शोधकार्य शोधसम्बन्धी प्रविधिको पालन गर्दै सम्बद्ध विषयमा मौलिक चिन्तन, विवेचना रत्वा विश्लेष भएको हुनुपर्नेछ ।

४. टङ्कण, संशोधन, मुद्रण र गाताबन्दी गरिएको शोधपत्र तोकिएको शुल्कका साथ चार प्रति बुझाउनुपर्नेछ ।

५. शोधपत्रको मूल्याङ्कनपछि सम्बद्ध शोधपत्रगत विषयवस्तुका आधारमा मौखिक परीक्षा पनि लिइनेछ ।

## सन्दर्भपुस्तक


१. नगेन्द्र, डा., अनुसन्धान और आलोचना, चौखम्बा विद्याभवन, वाराणसी

२. सरनामसिंह, शोधप्रक्रिया, चौखम्बा विद्याभवन, वाराणसी

३. त्रिपाठी, भगीरथप्रसाद, अनुसन्धानपद्धति, चौखम्बा विद्याभवन, वाराणसी

४. बन्धु, चूडामणि, अनुसन्धान प्रबन्धको रूप र शैली, रत्न पुस्तक भण्डार, काठमाडौं

५. बन्धु, चूडामणि, अनुसन्धान तथा प्रतिवेदन लेखन, रत्न पुस्तक भण्डार, काठमाडौं

६. सावित्रीसिंह, अनुसन्धानका स्वरूप, चौखम्बा, वाराणसी

७. राजुकर, हिन्दी अनुसन्धानका स्वरूप, चौखम्बा, वाराणसी

८. शिवाकोटी, गोपाल र तिलक चौलागाईं, अनुसन्धान पद्धतिको परिचय, पाठ्यसामग्री पसल, बागबजार, काठमाडौं

९. शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल, शोधविधि, साझा प्रकाशन, पुलचोक, ललितपुर ।

१०. शिवाकोटी, डा. गोपाल, अनुसन्धान पद्धति र प्रतिवेदन लेखन, पैरवी प्रकाशन, काठमाडौं

११. दाहाल, प्रा.डा.पेशल र सोमप्रसाद खतिवडा, अनुसन्धान पद्धति, एम के पब्लिसर्स एण्ड डिस्ट्रीब्युटर्स, काठमाडौं ।

१२. पौडेल, डा. भूपहरि, शोध र सिर्जना सिद्धान्त, विद्यार्थी पुस्तक भण्डार, काठकाडौं


●

N.K

TEXT BOOK